**कम्पनी ऐन २०६३ अन्तर्गत स्थापित र संचालित**

**युनियन हाईड्रोपावर कम्पनी लिमिटेड**

**ललितपुर-३,धोबिघाट**

**फोन नं.०१५५२५४०६ फ्याक्स नं.०१-५५२५४०६**

**Emai:unionhppl@gmail.com; Website:www.unionhydropower.com.np**


**को**

(धितोपत्र सम्वन्धी ऐन २०६३ को दफा ३० तथा कम्पनी ऐन, २०६३ को दफा २३ अन्तर्गत प्रकाशित)

# विवरण-पत्र

कम्पनीको नेटवर्थ तथा प्रति शेयर आम्दानीमा भएको वास्तविक तथा प्रक्षेपित औसत प्रतिफल देहाय बमोजिम रहेकोछ :

| विवरण | वास्तविक | | | अपरिष्कृत | प्रक्षेपित | | |
|---|---|---|---|---|---|---|---|
| | आ.ब. ०७२/०७३ | आ.ब. ०७३/०७४ | आ.ब. ०७४/०७५ | आ.ब.०७५/०७६ अपरिष्कृत असोज मसान्त | आ.ब. ०७६/०७७ | आ.ब. ०७७/०७८ | आ.ब. ०७८/०७९ |
| प्रति शेयर नेटवर्थ | ४२.५९ | २६.८७ | ७९.८२ | ७९.१९ | ९२.२० | ९६.८९ | १०३.१० |
| प्रति शेयर आम्दानी | (१३.०८) | (१५.७२) | (११.११) | (०.६४) | (१.२४) | ३.७५ | ४.७० |
| संचित नाफा/नोक्सानी (रु. हजारमा) | (२८,७९६) | (३६,६८४) | (७७,४२२) | (७९,८६४) | (८६,६९३) | (५८,५३६) | (२३,३१६) |

कम्पनीले आफ्नो जारी पूंजी रु.७५,००,००,०००/–(अक्षरेपी रूपैयापचहक्तर करोडमात्र) मध्ये ३८.८३४ % अर्थात रु.२९,१२,५५,००० /–(अक्षरेपी रूपैयाउन्नत्तीस करोड बाह् लाख पचपन्न हजारमात्र) र आयोजना प्रभावित क्षेत्रका लागि निष्काशन गरिएकोरु.७,५०,००,००० /–(अक्षरेपी रूपैया सात करोड पचास लाख मात्र)बराबरको प्रति शेयर रु.१००/–अंकित दरको ७,५०,००० कित्ता मध्ये १,२८,२१९ कित्ता मात्र आवेदन परेकोले बाँकी/बिक्री नभएको ६,२१,७९० कित्ता समेत थप गरी जम्मा रकम रु.३५,३४,३४,०००/–बराबरको प्रति शेयर रु.१००/–अंकित दरको ३५,३४,३४० कित्ता मध्ये ७०,६८६ कित्ताबाट (२ प्रतिशत) कर्मचारीहरुलाई र १,७६,७१७ कित्ता(५ प्रतिशत )शेयर सामुहिक लगानी कोषहरुका लागि सुरक्षित गरिएको र बाँकी ३२,८६,९३७ कित्ता शेयर सर्वसाधारणनिष्काशन गरिने छ ।

**दरखास्तसाथ प्रति साधारण शेयर रु. १००/–का दरले शतप्रतिशत भुक्तानी माग गरिएको ।**

| प्रति मेगावाट लागत र आयोजनाको कुल लागत सम्वन्धि विवरण | विद्युत उत्पादन अनुमतिको बाँकी अवधि सम्वन्धि विवरण | लगानी फिर्ता हुने अवधि (Payback Period) सम्वन्धि विवरण |
|---|---|---|
| रु.२६,५०,२५,९१५.०२ /-र<br>रु.७९,५०,७७,७४५.०६/- | २९ वर्ष | Normal Payback Period१०.६१ वर्ष,<br>DiscountedPayback Period२३.२३ वर्ष |

**लगानीमा हुने जोखिम सम्बन्धी उद्घोषण :**

धितोपत्रमा गरिने लगानीमा जोखिम हुने भएकोले त्यस्तो जोखिमको मूल्याङ्कन गर्ने प्रमुख दायित्व लगानीकर्ता स्वयंको हुनेछ र धितोपत्रको निष्काशन मुल्यले सूचिकरण पश्चात धितोपत्र बजारमा हुने कारोवार मूल्य नजनाउने हुँदा यस विवरणपत्रको **दफा ८** मा उल्लेखित जोखिमहरु समेतको अध्ययन गरेर मात्र लगानी सम्बन्धी निर्णय लिन सुझाव गरिन्छ ।

**नियमन निकायको जवाफदेहीता नरहने उद्घोषण :**

यस विवरणपत्रमा उल्लेखित धितोपत्र सार्वजनिक निष्काशनको लागि तयार गरिएको यस विवरणपत्रलाई धितोपत्र सम्बन्धी ऐन, २०६३ बमोजिम नेपाल धितोपत्र बोर्डले स्वीकृती प्रदान गरेको छ । यसरी बोर्डले विवरणपत्र स्वीकृती प्रदान गरेको कारणबाट कसैले पनि नेपाल धितोपत्र बोर्ड, कम्पनी रजिष्ट्रारको कार्यालय वा सम्बद्ध अन्य नियमन निकायले विवरणपत्रमा उल्लिखित कुराको सत्यता वा निष्काशनकर्ता वा परियोजनाको आर्थिक सक्षमताको बारेमा कुनै प्रकारको प्रत्याभूत गरेको वा जिम्मेवारी लिएको मानिने छैन ।

**क्रेडिट रेटिङ्ग सम्बन्धी विवरण**

यस विवरणपत्र मार्फत निष्काशन गरिने साधारण शेयरको सार्वजनिक निष्काशन गर्नका लागि ईक्रा नेपाल लि.ले मिती२०७५/०३/३१**"कमजोर आधारहरु जनाउने (ICRANP)IPO Grade 5"**प्रमाणपत्र प्राप्त गरेको छ ।सो सम्बन्धी विवरण यस विवरणपत्रको दफा३.२२(ट) मा उल्लेख गरिएको छ। क्रेडिट रेटिङ्ग ग्रेड बहाल रहने मिति:२०७६/०३/३०

आयोजना अति प्रभावित तथा प्रभावित क्षेत्र) अर्थात अति प्रभावित क्षेत्र लम्जुङ्ग जिल्लाको मध्यनेपाल न.पा. वडा नं. ८, ९, १० वेशिसहर न.पा. वडा नं. ५, सुन्दर बजार न.पा. वडा नं.११, र कास्की जिल्लाको रुपा गा.पा १ का बासिन्दाहरुलाई जारी गरेको शेयर खरिद गरी कायम भएका शेयरधनीले यस विवरण पत्र मार्फत सर्वसाधारणहरुलाई जारी गरिने साधारण शेयर खरिद गर्नको लागि आवेदन दिन पाउने छैन ।साथै संस्थापक तथा सञ्चालकहरु तथा संस्थापक शेयरधनीहरुका एकाघरको सदस्यले समेत यस सार्वजनिक निष्काशनमा आवेदन दिन पाउने छैन ।

**नेपाल धितोपत्र बोर्डबाट विवरणपत्र स्वीकृत भएको मिति:२०७५/१०/२८ कम्पनी रजिष्ट्रारको कार्यालयमा विवरणपत्र दर्ता भएको मिति : २०७५/११/१३**

**निष्काशन खुल्ला हुने मिति :२०७५/१२/१३ निष्काशन बन्द हुने मिति (छिटोमा) : २०७५/१२/१७निष्काशन बन्द हुने मिति (ढिलोमा) : .२०७६/०१/१२**

**धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक :**

लक्ष्मी क्यापिटल मार्केट लिमिटेड
Laxmi Capital Market Limited

**(100% Subsidiary of Laxmi Bank Limited)**

**लक्ष्मी क्यापिटल मार्केट लिमिटेड**

पो.ब.नं.८४४९,नयां बानेश्वर, काठमाडौं, नेपाल,फोन नं.–४७८०२२२, ४७८१५८२ फ्याक्स नं.– ४७८०५८३

Email : info@laxmicapital.com.np, URL: www.laxmicapital.com.np

**ख.१.विवरणपत्रमा प्रयोग भएका प्राविधिक तथा अन्य शब्दावलीको परिभाषा :**

क) "विवरणपत्र" भन्नाले कम्पनी ऐन २०६३ को दफा २३ बमोजिम र धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा ३० बमोजिम प्रकाशित विवरणहरु भएको पुस्तिकालाई सम्झनु पर्दछ ।

ख) "धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक" भन्नाले लक्ष्मी क्यापिटल मार्केट लिमिटेड,नयां बानेश्वर, काठमाण्डौं लाई सम्झनु पर्दछ ।

ग) "धितोपत्र" भन्नाले संगठित संस्थाले जारी गरेको साधारण शेयर जनाउंछ ।

घ) "संगठित संस्था/कम्पनी" भन्नाले निष्काशनकर्ता कम्पनी युनियन हाइड्रोपावर कम्पनी लिमिटेडलाई सम्झनु पर्दछ ।

ङ) "संकलन केन्द्र" भन्नाले सार्वजनिक निष्काशनको लागि तयार गरिएको विवरणपत्र र दरखास्त फारम प्राप्त गर्न सकिने तथा दरखास्त फारम साथ रकम बुझाउन सकिने गरी तोकिएका संस्थाहरुलाई सम्झनु पर्दछ ।

च) "निष्काशन बैंक" भन्नाले निष्काशन तथा बिक्री प्रबन्धकसँग सम्झौता गरी धितोपत्र निष्काशनको क्रममा आवेदकबाट प्राप्त हुने रकम जम्मा गर्न जिम्मेवारी लिने बाणिज्य बैंकलाई सम्झनु पर्दछ ।

छ) "नियमन निकाय" भन्नाले नेपाल धितोपत्र बोर्ड, कम्पनी रजिष्ट्रारको कार्यालय, उद्योग विभाग तथा विद्युत विकास विभागलाई सम्झनु पर्दछ ।

ज) "संस्थापक, संचालक, कार्यकारी प्रमुख तथा व्यबस्थापन" भन्नाले युनियन हाइड्रोपावर कम्पनी लिमिटेडको संस्थापक, संचालक, कार्यकारी प्रमुख तथा व्यबस्थापनलाई सम्झनु पर्दछ।

झ) "बोर्ड" भन्नाले नेपाल धितोपत्र बोर्डलाई सम्झनु पर्दछ ।

ञ) "स्थानियवासी" (प्रभावित क्षेत्र)भन्नाले आयोजना अति प्रभावित तथा प्रभावित क्षेत्र (उद्योग प्रभावित क्षेत्र) अर्थात लम्जुङ्ग जिल्लाका मध्यनेपाल न.पा. वडा नं. ८, ९, १०, वेशिसहर न.पा. वडा नं. ५, सुन्दर बजार न.पा. वडा नं.११, र कास्की जिल्लाको रुपा गा.पा.१ तथा प्रभावित क्षेत्र लमजुङ जिल्लामा स्थायी बसोवास गर्ने नेपाली एवं यस पव्लिक कंम्पनी कम्पनी रजिष्ट्रार कार्यालयमा दर्ता भएको अघिल्लो मिति सम्म सोही स्थानमा बसाई सराई गरी आएका नेपाली नागरिक समेतलाई जनाउँछ ।

**ख.२. विवरणपत्र तथा दरखास्तप्राप्त गर्न र बुझाउने स्थान :**

विवरण–पत्र हेर्न तथा प्राप्त गर्न सकिने स्थान :

| सि.न. | कम्पनीको नाम |
|---|---|
| १. | लक्ष्मी क्यापिटल मार्केट लिमिटेड, नयाँबानेश्वर, काठमाडौं |
| २. | युनियन हाइड्रोपावर कम्पनी लिमिटेड ,धोबिघाट, ललितपुर |

साथै **धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकको वेभसाइट** www.laxmicapital.com.np तथा निष्काशनकर्ता कम्पनीकोwebsite:www.unionhydropower.com.npवानेपाल धितोपत्र बोर्डको **वेभसाइट**www.sebon.gov.npबाट समेत यस निष्काशन को लागि स्वीकृत विवरणपत्र हेर्न सक्नु हुनेछ ।

दरखास्त फारम प्राप्त गर्ने र बुझाउने स्थान :

| सि.न. | दरखास्त फारम प्राप्त गर्ने र बुझाउने स्थान : |
|---|---|
| १. | नेपाल धितोपत्र बोर्डबाट अनुमति लिई आस्वा(ASBA)सेवामा सहभागी बैंक तथा वित्तीय संस्थाहरुबाट सि–आस्वा (CASBA)प्रणाली मार्फत आवेदन दिन सकिनेछ । |

**ग.१. धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकको उद्घोषण :**

हामीलाई निष्काशनकर्ता संगठित संस्था तथा यसका संस्थापक/संचालकहरुले उपलब्ध गराएको विवरण तथा जानकारीहरुको आधारमा यस संस्थाको ब्यबस्थापकीय, प्राविधिक र आर्थिक पक्षको विश्लेषणात्मक अध्ययनबाट हामी सन्तुष्ट हुनुको साथै विवरणपत्रमा लेखिएका आर्थिक विवरणहरु र अन्य जानकारी तथ्यगत, पूर्ण र सही देखिएकोले लगानीकर्ताहरुलाई लगानी सम्बन्धी निर्णय लिन मद्दत पुग्ने कुराप्रति विश्वस्त भई हामीले यो विवरणपत्र स्वीकृतीका लागि नेपाल धितोपत्र बोर्डमा "धितोपत्र सम्बन्धी ऐन २०६३" तथा "धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३" अनुरुपको योग्यता पुगेको प्रतिबद्धतापत्र (Due Diligence Certificate)प्रस्तुत गरेका छौं ।

**ग.२.संगठित संस्थाको उद्घोषण :**

**क.संचालकको जिम्मेवारी तथा जवाफदेहिता सम्बन्धी :**

यो विवरणपत्र हामीले पुनरावलोकन गरी अनुमोदन गरेको हुनाले यस विवरणपत्रमा उल्लेख गरिएका विवरण तथा जानकारीहरुका साथै निष्काशन तथा बिक्री प्रबन्धकलाई दिएको वित्तीय विवरण, अन्य विवरण, जानकारी तथा कागजातहरुका सत्यता र शुद्धता प्रति र धितोपत्र दर्ता तथा निष्काशन अनुमति प्रयोजनका लागि नेपाल धितोपत्र बोर्डमा पेश गरिएको विवरणपत्र र सो सँग सम्बन्धित अन्य विवरण तथा जानकारीहरुको शुद्धता तथा सत्यताप्रति यस विवरणपत्रमा हस्ताक्षर गर्ने हामी संचालकहरु ब्यक्तिगत वा सामूहिक रुपमा जवाफदेहिता बहन गर्दछौं र धितोपत्र निष्काशनका लागि तोकिएका शर्त तथा आवश्यकताहरुको सम्बन्धमा आवश्यक जानकारी लिई हामी उद्घोषण गर्दछौं की तोकिएका शर्त तथा आवश्यकताहरु सबै पालना गरेका छु/छौं र लगानीकर्ताहरुलाई लगानी सम्बन्धी सूसुचित निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरु लुकाएका छैनौं ।

**ख.संगठित संस्थाको जवाफदेहिता सम्बन्धी :**

यस युनियनहाईड्रोपावर लिमिटेडले प्रकाशित गरेको विवरणपत्र, सार्वजनिक प्रस्ताव, विज्ञापन वा अन्य कुनै सूचनामा उल्लेख भएका विवरणहरु बाहेक संगठित संस्थाको बारेमा प्रकाशित अन्य कुनै सूचना वा जानकारीको जवाफदेहीता संगठित संस्थामा नरहने र त्यस्तो सूचना, जानकारी वा विवरणको आधारमा लगानी गरेमा सो को जोखिम लगानीकर्ता स्वयंले बहन गर्नुपर्नेछ ।

**ग.नियमन निकायको नियमन ब्यबस्थाको पालना सम्बन्धी :**

प्रचलित कानून अनुसार आफ्नो उद्योग/व्यवसाय/सेवासँग सम्बन्धित नियमन निकाय (जस्तैः कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल बिद्युत प्राधिकरण आदी) को सार्वजनिक निष्काशन तथा अन्य नियमन व्यवस्था तथा निर्देशनहरुको पालना गरेको कुराको उद्घोषण गर्दछौं। साथै सार्वजनिक निष्काशन प्रयोजनको लागि तयार गरिएको विवरणपत्र र सो मा उल्लिखित सम्झौता वा अन्य विवरणहरु नेपाल धितोपत्र बोर्ड र कम्पनी रजिष्ट्रारको कार्यालयमा पेश गरेका छौं । आ.व.०७३/०७४ सम्मको विवरणहरु पेश गरेको हुनाले कम्पनी अध्यावधिक रहेको व्यहोरा मिति २०७४/१२/०६ मा कम्पनी रजिष्ट्रारले स्वीकृति प्रदान गरेको छ ।

**घ.संस्थापक, संचालक तथा कार्यकारी प्रमुख सम्बन्धी उद्घोषण :**

१. यस कम्पनीको संस्थापक, संचालक वा प्रमुख कार्यकारी अधिकृत कर्जा सूचना केन्द्रको कालो सूचीमा रहेका छैनन् ।
२. यस कम्पनीको संचालक वा प्रमुख कार्यकारी अधिकृत कालो सूचीमा रहेको अन्य संगठित संस्थामा संचालक वा कार्यकारी प्रमुख छैनन् ।
३. सार्वजनिक निष्काशन मार्फत सर्वसाधारणबाट पूँजी संकलन गरी वेपत्ता भएका वा संचालनमा नरहेका वा लगानीकर्ताहरुको हित विपरीत हुने कार्य गरेको संगठित संस्थाको संचालक वा प्रमुख कार्यकारी अधिकृत यस कम्पनीको संचालक वा प्रमुख कार्यकारी अधिकृत छैनन् ।
४. धितोपत्र सम्बन्धी कानून विपरीत कार्य गरेको कारण धितोपत्र बजार वा धितोपत्र व्यवसायीको अनुमति खारेज भएको दश बर्ष पूरा नभएको संगठित संस्थाको संचालक वा प्रमुख कार्यकारी अधिकृत यस कम्पनीको संचालक वा प्रमुख कार्यकारी अधिकृत छैनन् ।
५. यस कम्पनीको संचालक वा प्रमुख कार्यकारी अधिकृत धितोपत्र सम्बन्धी ऐनको दफा १०८ बमोजिम संचालक वा प्रमुख कार्यकारी अयोग्य रहेका छैनन् ।

## ग.३. संगठित संस्था सम्बन्धी जानकारी :

**क. संगठित संस्थाको पृष्ठभूमि**

**क) संगठित संस्थाको नाम :**युनियन हाईड्रोपावर कम्पनी लिमिटेड(Union Hydropower Co.Ltd)

**ख) कुन ऐन अन्तर्गत स्थापित भएको सो कुरा :** कम्पनी ऐन, २०६३ अन्तर्गत स्थापित ।

**ग) संस्थाको रजिष्टर्ड ठेगाना :**यसकम्पनीको रजिष्टर्ड कार्यालय ललितपुर जिल्ला, ललितपुर महानगरपालिका वडा नं ३, धोबिघाट मा रहेको छ । आवश्यकतानुसार स्वीकृती लिई अन्य स्थानहरुमा पनि रजिष्टर्ड कार्यालय सार्न वा शाखा कार्यालय खोल्न सकिनेछ ।

**घ) जलविद्युत केन्द्र :** यस कम्पनीको जलविद्युत उत्पादन केन्द्र लम्जुङ्ग जिल्लाको साविक करापु– ८, ९ तथा हाल मध्यनेपाल न.पा. ८मा रहेको छ ।

**ङ) संगठित संस्थाको स्थापना कालदेखि हालसम्मको संक्षिप्त इतिहास र संगठित संस्थाको मुख्य उद्देश्यहरु:**

**कम्पनीको स्थापनाकाल देखि हालसम्मको संक्षिप्त इतिहास देहाय बमोजिम रहेको छ ।**

१. युनियन हाईड्रोपावर लिमिटेडले प्रचलित कानून बमोजिम २०६३ साल भाद्र १४ गते कम्पनी रजिष्ट्रारको कार्यालयमा प्राइभेट लिमिटेड कम्पनीको रुपमा दर्ता भई मिति २०७२ फाल्गुन ३० गतेदेखि पब्लिक लिमिटेड कम्पनीमा परिणत भई कम्पनी ऐन २०६३ अन्तर्गत काम/कारोबार गर्दै आईरहेको छ ।

२. कम्पनिले मिदिम खोला (करापु) आयोजना निर्माण, उत्पादन तथा सञ्चालन गर्न बिधुत उत्पादनको अनुमति पत्र नेपाल सरकार उर्जा मन्त्रालयबाट मिति वि.स.२०६९/०५/०६ गते प्राप्त गरेको र उक्त अनुमति पत्र २१०४/०५/०५ गते सम्म बहाल रहनेछ ।

३. कम्पनीको प्रवन्धपत्र र नियमावली अनुसार जारी पूँजीको १० % शेयर उद्योग प्रभावित क्षेत्र (आयोजना प्रभावित लम्जुङ्ग जिल्ला) का बासिन्दाहरुलाई र जारी पूँजीको ३८.८३४%शेयर सर्वसाधारणका लागि निष्कासन तथा बितरण गरिने ब्यवस्था छ ।

४. कम्पनीले पहिचान गरी विकास निर्माण सम्पन्न गरेको लम्जुङ जिल्लाको हाल मध्यनेपाल न.पा. वडा नं ८ ( साविकको करापु गा.वि. वडा नं ८, ९) मा रहेको ३ मेघावाट क्षमताको मिदिम खोला (करापु) जलविद्युत आयोजनाको सम्पुर्ण निर्माण कार्य सम्पन्न भई मिति २०७४/१०/१५ गते देखि व्यापारीक उत्पादन सुरु गरि आयोजना संचालन भैरहेको छ।

५. ३ मेघावाट क्षमताकोयस आयोजनाको कुल लागत रु.७९,५०,७७,७४५.०६ र प्रति मेगावाट उत्पादन लागत रु २६,५०,२५,९१५.०२ रहेको छ र यसको Normal Payback Period१०.६१ वर्ष र DiscountedPayback Period २३.२३ वर्ष रहेको छ ।

६. मिदिम खोला (करापु) जलबिधुत आयोजनाको उत्पादन गरिएको सवै विद्युतशक्ति एकमुष्ट नेपाल विद्युत प्राधिकरणले खरिद गर्न मन्जुर गरी कम्पनी र प्राधिकरण बीच २०६९ साल माघ २८ गते विद्युत खरिद विक्री सम्झौता सम्पन्न भई सकेको छ । विद्युत खरीद बिक्री सम्झौता आयोजनाले व्यापारिक उत्पादन शुरू गरेको मिति देखि ३० बर्ष कायम रहनेछ ।

**कम्पनी र नेपाल विद्युत प्राधिकरणबीच सम्पन्न विद्युत खरीद-बिक्री सम्झौताको मुख्य-मुख्य बुँदाहरू निम्नबमोजिम रहेका छन् :**

क. मिदिम खोला (करापु) जलबिधुत आयोजनाबाट वार्षिक १,६७,७६,०२१ किलोवाट घण्टा विद्युत उत्पादन तथा विक्री गरिने कुरा मासिक उर्जा उत्पादन तालिकामा तोकिएको छ । यसमा वर्षायामका आठ महिनाको लागि १,३९,२६,९१० किलोवाट घण्टा र सुख्खायामका चार महिनाका लागि२८,४९,११२ किलोवाट घण्टा निर्धारण गरिएको छ ।

ख प्राधिकरणले व्यापारिक उत्पादन शुरु हुने मितिदेखि हरेक महिना कम्पनीले आयोजनाबाट उत्पादन गरी उपलब्ध गराएको कन्ट्रयाक्ट इनर्जीको परिमाणसम्मको उर्जा खरीद वापत वर्षा याममा प्रति कि.वा. घण्टा रु.४.८० (चार रुपैंया असी पैसा मात्र) र सुख्खा याममा पति कि.वा. घण्टा रु.८.४० (आठ रुपैया चालिस पैसा मात्र) विद्युत खरीद दरले हुन आउने रकम कम्पनी वा दफा ३४ अनुसारको अगुवा बैंक वा वित्तिय संस्थालाई बुझाउने छ । साथै व्यापारिक उत्पादन शुरु हुने मिति (Commercial Operation Date) बाट एक वर्ष पुगेको महिनाको लगतै पछिको महिनादेखि लागु हुने गरि प्रत्येक वर्षको लागि ३ (तीन) प्रतिशतका दरले २ (दुई) पटकसम्म मूल्यवृद्धि दिई निम्न तालिका अनुसार विद्युत उर्जा खरीद दर कायम गरिएको छ ।

| अवधि<br>व्यापारिक उत्पादन शुरु हुने मिति (COD) बाट एक वर्ष पुगेको महिनाको लगतै पछिको महिनादेखि लागु हुने गरि | सुख्खा याम (पौष देखि चैत्र सम्म) (रु. प्रति युनिट) | वर्षा याम (वैशाष देखि मार्गसम्म) (रु. प्रति युनिट) |
|---|---|---|
| पहिलो महिना देखि १२ औं महिनासम्म | ८.४० | ४.८० |
| १३ औं महिना देखि २४ औं महिनासम्म | ८.६५ | ४.९४ |
| २५ औं महिना देखि सम्झौताको अवधि सम्म | ८.९० | ५.०९ |

मिदिम खोला (करापु) जलबिधुत आयोजना

- जडित क्षमता ३ मेगावाट
- विधुत उत्पादन अनुमतिपत्र प्राप्त मिति २०६९/५/६
- विधुत खरिद विकी संझौता २०६९/१०/२८
- विधुत खरिद विकी सम्झौता वाहाल रहने अवधि ब्यापारिक उत्पादन सुरु मितिले ३० वर्ष वा विधुत उत्पादन अनुमतिपत्र बहाल रहने मिति मध्ये जुन घटि छ सो समय सम्म । अर्थात वि.सं. २१०४/०५/०५ गते सम्म बहाल रहनेछ
- इपिसि ठेक्का संझौता मिति २०७१/०६/१०
- आयोजनाको निमार्ण प्रारम्भ भएको मिति २०७१/१०/१०
- ब्यापारिक उत्पादन प्रारम्भ भएको मिति २०७४/१०/१५
- कुल लागत रु.७९,५०,७७,७४५.०६ /-
- प्रति मोगावाट लागत रु २६,५०,२५,९१५.०२ /-
- कर्जा लगानी फिर्ता हुने अवधि Normal Payback Period१०.६१ वर्ष, DiscountedPayback Period २३.२३ वर्ष ।
- विधुत खरिद बिकी सम्झौतको मुख्य विवरण देहाय वमोजिम छ ।
  - विधुत खरिद विकी दर सुख्खा याममा प्रति युनिट ८.४० र वर्षा याममा प्रति युनिट रु ४.८० रहेको छ र सो दरमा ब्यापारिक उत्पादन सुरुहुने मितिको एक वर्ष पश्चात् प्रति वर्ष ३ प्रतिशतका हिसाबले ५ पटक वृद्घि हुनेछ ।
  - सम्झौता भन्दा बढी विधुत उत्पादन भई विकी गरिएमा सो समयमा कायम दरको ५० प्रतिशतका दरले भुक्तानी प्राप्त हुने छ ।
  - ब्यापारिक उत्पादन सुरुहुने मितिमा विधुत आपूर्ति गर्न नसकेमा वा आपूर्ति गरिएको विधुत लिन नसकेमा ५ प्रतिशत हर्जानाको ब्यावस्था गरिएको छ ।

**कम्पनीको प्रबन्धपत्रको दफा ४ मा उल्लेख भए अनुसार कम्पनी कानून तथा अन्य प्रचलित कानूनको अधिनमा स्वीकृती लिनु पर्ने भए सम्बन्धित निकायको स्वीकृति समेत लिई यस कम्पनीको उद्देश्य देहाय बमोजिम हुनेछ :**

क) जलविद्युत गृहको निर्माण गर्ने, विद्युत सम्बन्धी अनुसन्धान तथा सर्वेक्षण गर्ने, जलविद्युत उत्पादन गर्ने र विद्युत बिक्री वितरण गर्ने ।

ख) नेपाल विभिन्न स्थानमा रहेका नदी र खोलाहरुबाट जलविद्युत उत्पादन गरी थोक तथा खुद्रा बिक्री वितरण गर्ने र लिजमा लिने दिने ।

ग) जलविद्युत तथा अन्य विद्युत शक्ति उत्पादन सम्बन्धि आयोजनाहरुको विभिन्न भौतिक पूर्वाधारहरु जस्तै विद्युत प्रसारण वितरण लाईन, सवस्टेशनहरु र विद्युत गृहसम्म जान आउनको लागि विद्युत बाटो, पुल तथा सुरुङ्ग मार्ग निर्माण लगायतको आवश्यक निर्माण सञ्चालन एवम् मर्मत सम्भार सम्बन्धि कार्य गर्ने ।

घ) जलविद्युत तथा अन्य विद्युत उत्पादन सम्बन्धि पर्ने सम्पूर्ण सामानहरुको आयात निर्यात गर्ने ।

ङ) जलविद्युत तथा अन्य सौर्य वा वायु श्रोतहरुबाट विद्युत उत्पादनका लागि अध्ययन गर्ने गराउने । विद्युत उत्पादनको लागि आवश्यक दक्ष जनशक्तिको उत्पादन गर्ने, तालिम लगायतको आवश्यक कार्यहरु गर्नुका साथै विद्युत उत्पादन सम्बन्धि परामर्श प्रदान गर्ने गराउने ।

च) विद्युत उर्जाको आवश्यकता अनुसार जलविद्युत बाहेक अन्य सौर्य र वायु श्रोतहरुबाट पनि विद्युत उत्पादन गरी बिक्री वितरण गर्ने । सो सम्बन्धमा स्वदेशी वा विदेशी प्राविधिक तथा ईन्जिनियरिङ्ग परामर्श प्रदान गर्ने गराउने ।

**च) संगठित संस्थाको कुनै सहायक कम्पनी भएमा सो सहायक कम्पनीको नाम, इतिहास र त्यसका मुख्य उद्देश्यहरुका साथै त्यसमा भएको लगानीको अंश (प्रतिशतमा) :** सो नभएको

**छ) देहायका कुराहरु समेत उल्लेख गर्नु पर्ने (लागु हुने हदसम्म) :**

१) कम्पनीले उत्पादन गर्ने बस्तु वा प्रदान गर्ने सेवाहरु : साना तथा मझौला जलविद्युत आयोजनाको निर्माण, संचालन र व्यवस्थापन गर्ने ।

२) प्रयोग भएको वा गरिने विधि : जलस्रोतबाट जलविद्युत उत्पादन गर्ने ।

३) कुनै ब्रान्डनेम, प्रतिलिपि अधिकार, ट्रेडमार्क, इजाजतपत्र, प्राविधिक सहयोग सम्झौता र संगठित संस्थासँग सम्बन्धित बौद्धिक सम्पत्ति हक अधिकार : नभएको ।

४) संगठित संस्थाले ओगटेको बजार क्षेत्र : उत्पादित बिद्युत राष्ट्रिय विद्युत प्रणाली मार्फत नेपाल विद्युत प्राधिकरणलाई विक्री गर्ने ।

५) नयाँ उत्पादन तथा सेवा सम्बन्धी योजनाः थप नयाँ जलविद्युत आयोजनाहरुको विकास गर्ने ।

६) उत्पादन तथा सेवाको प्रमुख बजार र त्यसको माग र बिक्री वितरणको तरिका : विद्युत खरीद विक्री सम्झौता अनुसार नेपाल विद्युत प्राधिकरणलाई विद्युत विक्री गर्ने साथैनेपाल विद्युत प्राधिकरण संग विद्युत खरिद सम्झौतामा भएको मुख्य मुख्य बुदाँहरु :

क) नेपाल विद्युत प्राधिकरण संग आयोजना संचालनको सहजताका लागि समन्वय समिति गठन गरी कार्य गर्ने।

ख) आयोजनाको विद्युत खरिद विक्री दर विद्युत खरिद विक्री सम्झौताको वर्खामा ४.८० रुपैया र हिउदमा ८.४० रुपैया कायम भएको छ । जुन प्रथम ५ वर्षको लागि प्रति वर्ष ३ प्रतिशतले वृद्धी हुनेछ । पौष देखी चैत्र सम्म लाई हिउद कायम भएको छ ।

ग) कम्पनीको कन्ट्याक इनर्जी वार्षिक १,६७,७६,०२१kwh रहेको छ ।

७) उत्पादन/संचालन क्षमता र सो को उपभोग स्थिति : ३ मेगावाट क्षमताको जलविद्युत केन्द्र निर्माण कार्य भई सकेको छ । मिति २०७४/१०/१५ गतेदेखि विद्युतको व्यापारिक उत्पादन प्रारम्भ भईसकेको छ ।

८) कच्चा पदार्थको श्रोत, किसिम र उपलब्धता : मिदिम खोलाबाट प्राकृतिक बहावमा आधारित पानी ।

९) गुण नियन्त्रणका लागि गरिएको व्यवस्थाः जलविद्युत संरचना र बिद्युत उपकरणहरु उपयुक्त अवस्थामा राख्न आवश्यक व्यवस्था गरिएको छ । यस आयोजनाको सम्पुर्ण संरचना जस्तै Hydro-Mechanical works, Electro-Mechanical works, Headworks,Powerhouse Transmission line, Machinary breakdown and Loss of Profit लगायतका कुरालाई मध्यनजर गरि Insurance गरिएको छ साथै Repair and maintanceको लागि पनिसोही अनुसार व्यवस्थापन गरिएको छ ।

१०) अनुसन्धान तथा विकास : नयाँ आयोजनाहरुको अध्ययन, विश्लेषण एवं विकास कार्यको लागि अनुमतिको लागि बिधुत बिकास बिभागमा आवेदन दिएको ।

११) विगत १२ महिनाको अवधिमा संस्थाको संचालनमा असर पर्ने गरी भएको वाधा, व्यवधान : नभएको ।

१२) मजदुर संगठनसँगको सम्बन्ध र विगतमा कुनै औद्योगिक विवाद भएको भए, सो सम्बन्धी विवरण : नभएको ।

१३) बजार, प्रतिस्पर्धा र अन्य समान उद्योगहरु बीच संगठित संस्थाको स्थिति : एक मात्र विद्युत खरीदकर्ता नेपाल विद्युत प्राधिकरण रहेको छ ।मिदिम खोला(करापु) जलविद्युत आयोजनाको कुल विद्युत उत्पादन क्षमता ३. मेघावाट रहेको हुँदा यस आयोजनाले बजारको सानो अंशलाईमात्र परिपूर्ति गरिएको छ । साथै विद्युतको हाहाकार भई ठूलो परिमाणमा उर्जाको माग भैरहेको हुँदा वर्तमान अवस्थामाविद्युतउत्पादन गर्न सकेमा उक्त विद्युत बिक्री गर्न बजारको कुनै समस्या नरहेको । जलविद्युत आयोजनाको लागि कच्चापदार्थकोखोजी तथा जगेडा गर्नु नपर्ने र उत्पादित विद्युत शक्ति नेपाल विद्युत प्राधिकरणसँग सम्झौता गरी बिक्री गर्न सकिने हुँदा नेपालीलगानीकर्ताको लागि यो लाभदायक र उपयुक्त क्षेत्र रहेको छ ।

१४)प्रमुख ग्राहकहरुको विवरण (जस्तै-संस्थाको कूल वार्षिक कारोबारमा १०% वा सो भन्दा बढीले योगदान गर्ने वा व्यवसायको लागि संगठित संस्था कुनै प्रमुख ग्राहकसँग निर्भर छ भने त्तसम्बन्धी विवरण : नेपाल बिद्युत प्राधिकरण ।

१५) प्रमुख सप्लायर्सहरुको विवरण (जस्तै-संस्थाको कूल कारोबारमा १०% वा सो भन्दा बढीले योगदान गर्ने सप्लायर्स वा व्यवसायको लागि संगठित संस्था कुनै प्रमुख सप्लायर्ससँग निर्भर छ भने त्तसम्बन्धी विवरण : जलविद्युत केन्द्रमा जडित उपकरणहरुको Spare Partsको लागिमात्र हाल Qiankang Allonward Hydro-Equipment Co.Pvt. Ltd.संग निर्भर रहनु पर्ने अवस्था रहेकामा हाल उल्लेखित सामानहरु जडित भई उत्पादनको अवस्थामारहेको छ । साथै Hydro Mechanical Equipment को सम्पुर्ण काम सकिसकेको छ ।

**ख.सम्पत्तिको विवरण :**

**क) संगठित संस्थाको उपकरण (प्लान्ट) तथा अन्य सम्पत्ति रहेको स्थान र उपकरण तथा सम्पत्तिको अवस्था :** कम्पनीको स्वामित्वमा मिदिम खोलामा रहेको प्लाण्ट तथा उपकरणहरु मध्यनेपाल न.पा.वडा नं.८ करापुस्थित विद्युत गृहमा जडान भई सञ्चालनमा रहेको अवस्थामा रहेका छन् । विद्युत उत्पादन केन्द्रका सिभिल संरचनाहरु मध्यनेपाल न.पा. वडा नं. ८ करापुमा रहेकाछन् । हालसम्म कम्पनीको नाममा श्रृजना भइसकेको चल अचल सम्पत्तिको विवरण तल उल्लेख गरिएको छ ।

| क्र.सं | विवरण | २०७५ असोज मसान्त सम्मको अपरिष्कृत मुल्य | उपकरण (प्लान्ट) तथा अन्य सम्पत्ति रहेको स्थान | उपकरण तथा सम्पत्तिको अवस्था |
|---|---|---|---|---|
| १. | जग्गा | २,९१,५८,०६९ | हाल मध्यनेपाल न.पा. वडा नं.८ (साविक करापु गा.वि.स वडानं. ८, ९) जम्मा २ ठाउँ -पावर हाउस तथा हेड वोर्क्स) मा गरेर ५० रोपनी ९ आना जग्गा | माथि उल्लेखित सम्पूर्ण सम्पत्तिहरु प्राप्ति भैसकेको र हाल चालु अवस्थामा रहेका छन् । |
| २. | सिभिल वर्क्स | ४४,१६,४५,२८२.८५ | हाल मध्यनेपाल न.पा. वडा नं.८ तथा (साविक करापु गा.वि.स वडानं. ८, ९) | माथि उल्लेखित सम्पूर्ण सम्पत्तिहरु प्राप्ति भैसकेको र हाल चालु अवस्थामा रहेका छन् । |
| ३. | अफिस ईक्युपमेन्ट फर्निचर एण्ड फिक्चर्स | ५९,२९,०८९ | हाल मध्यनेपाल न.पा. वडा नं ८ ( साविकको करापु गा.वि.स. वडा नं ८) तथा ललितपुर मा.न.पा. वडा नं ३, धोविघाट ) | माथि उल्लेखित सम्पूर्ण सम्पत्तिहरु प्राप्ति भैसकेको र हाल चालु अवस्थामा रहेका छन् । |
| ४. | हाईड्रोमेकानिकल ईक्युपमेन्ट | ४,२५,००,००० | हाल मध्यनेपाल न.पा. वडा नं.८ तथा (साविक करापु गा.वि.स वडानं. ८, ९) | माथि उल्लेखित सम्पूर्ण सम्पत्तिहरु प्राप्ति भैसकेको र हाल चालु अवस्थामा रहेका छन् । |
| ५. | सवारी साधन | २१,६५,००० | मिदिम खोला -करापु) साइटको लागि प्रयोग, हाल मध्यनेपाल न.पा. वडा नं.८ तथा (साविक करापु गा.वि.स वडानं. ८) | माथि उल्लेखित सम्पूर्ण सम्पत्तिहरु प्राप्ति भैसकेको र हाल चालु अवस्थामा रहेका छन् । |
| ६. | ईलेक्ट्रोमेकानिकल ईक्युपमेन्ट | ११,५०,२०,००० | हाल मध्यनेपाल न.पा. वडा नं.८ तथा (साविक करापु गा.वि.स वडानं. ८, पावर हाउस रहेको ठाउँमा) | माथि उल्लेखित सम्पूर्ण सम्पत्तिहरु प्राप्ति भैसकेको र हाल चालु अवस्थामा रहेका छन् । |
| ७. | ट्रान्समिसन लाइन | ३३,१९,२६२ | हाल मध्यनेपाल न.पा. वडा नं.६,७, ८, ९ था कास्की गा.पा. वडा नं. १ | माथि उल्लेखित सम्पूर्ण सम्पत्तिहरु प्राप्ति भैसकेको र हाल चालु अवस्थामा रहेका छन् । |
| ८. | क्याम्प, साइट अफिस | ५०,००,००० | हाल मध्यनेपाल न.पा. वडा नं.८ तथा (साविक करापु गा.वि.स वडा नं. ८, ९) | माथि उल्लेखित सम्पूर्ण सम्पत्तिहरु प्राप्ति भैसकेको र हाल चालु अवस्थामा रहेका छन् । |
| | **जम्मा** | **६४,४७,३६,७०२.८५** | | |

**ख) बूंदा (क) मा उल्लेखित सम्पत्ति संगठित संस्थाको आफ्नै सम्पत्ति हो या लिजमा लिएको, लिजमा लिएको भए लिजको अवधि (मिति समेत उल्लेख गर्नुपर्ने):**आफ्नै सम्पत्ति भएको र लिजमा नलिएको ।

ग) **यदि सम्पत्ति संगठित संस्थाको स्वमित्वमा रहेको भएमा उक्त सम्पत्ति माथि कुनै लियन वा मोर्टगेज भए सो सम्बन्धी विवरण :**कम्पनीको स्वामित्वमा रहेको सम्पत्ति आयोजना सञ्चालन तथा निर्माणको लागि लिएको कर्जाको लागि लिड बैंक, सानिमा बैंक लिमिटेड, मुख्य कार्यालय, नारायण चौरमा मोर्टगेजमा रहेको छ ।

घ) **विवरणपत्र बोर्डमा पेश गरिएको मितिमा संगठित संस्थाको सम्पत्तिको कितावी मूल्य र बजार मूल्य बीच फरक भएमा सोको विवरण :** कम्पनीको सम्पत्तिहरुको मूल्य परल मोलमा नै राखिएको र पुनर्मूल्यांकन गरिएको छैन ।

ङ) **सम्पत्तिको मूल्यांकन गरिएको तरीका सम्बन्धी विवरण** : कम्पनीको सम्पूर्ण सम्पत्तिहरु ऐतिहासिक लागत मूल्यमा मुल्यांकन गरिएको छ ।

**ग. भावी योजना तथा रणनीति :**

**क) व्यवसाय/सेवाको बृद्धिका लागि संस्थाको भावी योजना र त्यस्तो योजनाको प्राप्तीका लागि चालिने समयवद्ध रणनीति :**

कम्पनीले आफ्नो व्यवसाय/सेवाको बृद्धिका लागि चाल्ने भावी योजना र त्यस्तो योजनाको प्राप्तिका लागि चालिने समयवद्ध रणनीतिनिम्नानुसार छन् ।

- कम्पनीको मुख्य उद्देश्य नेपालको जलविद्युत विकासमा एक अग्रणी कम्पनीको रुपमा स्थापित गर्ने ।
- नयाँ जलविद्युत आयोजनाहरुको सम्भाव्यता अध्ययन गरी अन्य जलविद्युत आयोजनाहरु समेत निर्माण गर्ने ।
- कम्पनीले सरकारी निकायहरुसँग भएको सम्झौता बमोजिम देशमा रहेको जलश्रोतको अधिकतम उपयोग गरी विद्युतउत्पादन गर्ने र सो लाई नेपाल विद्युत प्राधिकरणलाई विक्री गरी देशको जनताले हाल भोगिरहेको लोडसेडिङ्गको मारलाई केहि हदसम्म कम गर्न कम्पनी प्रतिबद्ध रहेको छ ।
- कम्पनीले आफ्नो उद्देश्य प्राप्तिका लागि व्यवसायिक रुपमा सम्भाव्य देखिएको जलविद्युत आयोजनाहरुमा लगानी गर्ने ।

**ख) प्रतिस्पर्धा, विद्यमान आर्थिक स्थिति र समान किसिमको उद्योगको स्थितीको आधारमा संगठित संस्थाको व्यवसायको भविष्य :**

नेपालमा जलविद्युत उत्पादनको प्रचुर संभावना रहेको भएपनि वर्तमान अवस्थामा विद्युतको माग र आपुर्ति बीच ठूलो खाडल रहेको छ । जसले गर्दा नेपाली जनताले चर्को लोडसेडिङको मार खेप्नु परिरहेको छ । यसको पर्याप्त विकास हुन सके छिमेकि मुलुकरुमा निर्यात गर्न पनि सकिन्छ । त्यसैले यो व्यवसायमा प्रतिस्पर्धाको अवस्था आउने छैन । यसर्थ कम्पनीले आफ्नो व्यवसायको निरन्तरताका लागि अगाडि बढाएका जलविद्युत आयोजनाहरुको निर्माण र अन्य आयोजनाको पहिचान तथा विकास गर्दा अन्य बस्तुको जस्तो प्रतिस्पर्धा गर्नु पर्दैन ।

**घ.सञ्चालक समितिको संरचना र प्रतिनिधित्व सम्बन्धी व्यवस्था :**

कम्पनीको नियमावलीको नियम २७ मा भएको व्यवस्था अनुसार ७(सात)जना सञ्चालक सदस्य रहेको सञ्चालक समिति रहने व्यवस्था छ । सञ्चालक समितिमा सञ्चालक सदस्यहरूको प्रतिनिधित्व देहाय बमोजिम रहेको छ ।

| | |
|---|---|
| समूह "क" शेयरधनीहरूबाट मनोनित वा निर्वाचित सञ्चालकहरू | ३ जना |
| समूह "ख" अन्तर्गतका सर्वसाधारण समूहका शेयरधनीहरूबाट निर्वाचित सञ्चालकहरू (पछि नियुक्ति गरिनेछ । | ३ जना |
| व्यवसायिक विशेषज्ञबाट सञ्चालक | १ जना |
| जम्मा | ७ जना |

कम्पनीको नियमावली नियम २८ मा भएको व्यवस्था अनुसार सञ्चालक हुनको लागि कम्पनीको कम्तीमा १०० (एक सय) कित्ता शेयर आफ्नो नाममा खरिद गरेको हुनु पर्नेछ । यस्तो शेयर खरिद गर्ने व्यक्तिले आफ्नो शेयर कुनै व्यहोराले कसैलाई धितो बन्धक दिएको वा राखेको हुनु हुँदैन । तर संगठित संस्थाको प्रतिनिधित्व गर्ने सञ्चालकको हकमा उपरोक्त व्यवस्था लागु हुने छैन ।

**ङ. विद्युत खरिद दर मूल्यबुद्धि सम्बन्धी :**

- व्यापारिक उत्पादन शुरु हुने मिति (Commercial Operation Date) बाट एक वर्ष पुगेको महिनाको लगतै पछिको महिनादेखि लागु हुने गरि प्रत्येक वर्षको लागि ३ (तीन) प्रतिशतका दरले २ (दुई) पटकसम्म मूल्यवृद्धि दिई निम्न तालिका अनुसार विद्युत उर्जा खरीद दर कायम गरिएको छ ।व्यापारिक उत्पादन मिति ढिला भएको कारण ५( पाँच) पटकको सत्ता २ (दुई) पटकसम्म मूल्यवृद्धि पाइने छ ।

| अवधि<br>व्यापारिक उत्पादन शुरु हुने मिति (COD) बाट एक वर्ष पुगेको महिनाको लगतै पछिको महिनादेखि लागु हुने गरि | सुख्खा याम (पौष देखि चैत्र सम्म) (रु. प्रति युनिट) | वर्षा याम (वैशाष देखि मार्गसम्म) (रु. प्रति युनिट) |
|---|---|---|
| पहिलो महिना देखि १२ औं महिनासम्म | ८.४० | ४.८० |
| १३ औं महिना देखि २४ औं महिनासम्म | ८.६५ | ४.९४ |
| २५ औं महिना देखि सम्झौताको अवधि सम्म | ८.९० | ५.०९ |

**४. पुंजी संरचना सम्बन्धी जानकारी**

**क)पुंजीको संरचना:**

**१) अधिकृत पूँजी(Authorised Capital):**

कम्पनीको अधिकृत पूँजी रु. १,००,००,००,०००/- (एक अर्ब मात्र) हुने छ । सो पूँजीलाई प्रति शेयर रु. १००/- दरका १,००,००,००० (एक करोड) थान साधारण शेयरमा विभाजन गरिएको छ ।

**२) जारी पूँजी(Issued Capital):**

कम्पनीको तत्काल जारी गर्ने शेयर पूँजी रु. ७५,००,००,०००/- (पचहत्तर करोड मात्र) हुने छ । सोपूँजीलाई प्रति शेयर रु. १००/-दरले ७५,००,००० (पचहत्तर लाख) थान साधारण शेयरमाविभाजन गरिएको छ ।

**३) चुक्ता पूँजी (Paid up Capital):**

कम्पनीको जारी पूँजी मध्ये संस्थापकहरुले तत्काल चुक्ता गरेको पूँजी रु. ३८,३७,४५,०००/- (अठ्तीस करोड सैंत्तीस लाख पैंतालिस हजारमात्र) रहेको छ । उद्योग अति प्रभावित तथा प्रभावितक्षेत्रका बासिन्दाहरुबाट रु.७,५०,००,०००/- (सात करोड पचास लाख) चुक्ता हुने र बाँकी रु. २९,१२,५५,०००/– (उन्नत्तीस करोड बाह् लाख पचपन्न हजार) रकम बराबरको शेयर सार्वजनिक निष्काशन पश्चात् कम्पनीको चुक्ता पूँजी रु. ७५,००,००,०००/- (पचहत्तर करोड मात्र) हुनेछ ।

**ख. साधारण शेयर निष्काशन गरी बांडफांड गरे पश्चात् हुने चूक्ता पूंजीको संरचना :**

| समुह | शेयरधनी | शेयर कित्ता | पूँजी संरचना | चूक्ता रकम (रु.) | भुक्तानी प्रतिशत |
|---|---|---|---|---|---|
| (क) | संस्थापक शेयरधनी | ३८,३७,४५० | ५१.१६६ % | ३८,३७,४५,०००/- | १००/- |
| (ख) | उद्योग अति प्रभावित तथा प्रभावित क्षेत्रका बासिन्दा | १,२८,२१० | १.७१% | १,२८,२१,०००/- | १००/- |
| (ग) | सर्वसाधारणहरु (कर्मचारी समेत) | ३५,३४,३४० | ४७.१२४% | ३५,३४,३४,०००/- | १००/- |
| | जम्मा | ७५,००,००० | १००% | ७५,००,००,०००/- | |

**नोट :** स्थानियबासीलाई जारी गरिएको शेयर पूर्ण बिक्री नभएकोले उद्योग प्रभावित क्षेत्र(लम्जुङ्ग जिल्ला) का शेयरधनीहरुको शेयर स्वामित्व १.७१ प्रतिशत रहेको ।

**ग) शेयर प्रिमियम खाता (निष्कासन पूर्व र निष्कासन पश्चात्) :** शेयरमा प्रिमियम खाताको ब्यवस्था हाल नरहेको ।

**५.संस्थापक/संचालक सम्बन्धी जानकारी :**

**क. संस्थापक/संचालकको पृष्ठभूमी :**

**क) आधारभुत शेयरधनीहरु तथा संचालकहरुको नाम, पद, उमेर, राष्ट्रियता, ठेगाना, शेयर स्वामित्व, शैक्षिक योग्यता, अनुभव र प्रस्तावित ब्यापार/ब्यवसायमा अनुभव :**

**आधारभुत शेयरधनीको विवरणः**

| क्र.सं. | नाम | उमेर | राष्ट्रियता | ठेगाना | शेयर स्वामित्व | शैक्षिक योग्यता | अनुभव(सम्बन्धित) जलविद्युत क्षेत्रमा | अनुभव(अन्य) |
|---|---|---|---|---|---|---|---|---|
| १ | शलिकराम घिमिरे | ४९ | नेपाली | कालिका-३, कास्की | १०,४४,५०८ | प्रविणता प्रमाणपत्र तह | - | १.प्रोप्राइटर, उज्जल गार्मेन्ट प्रा.लि। २.अध्यक्ष, ई.जि. क्यापिटल म्यानेजमेण्ट प्रा. लि. । ३.पुर्व संचालक, मध्यमाञ्चल ग्रामिण विकास बैंक लि.। ४.पुर्व अध्यक्ष, अमर सिंह ईन्जिनियरिङ कलेज । ५.संथापक सदस्य सिद्धार्थ बैंक लि.। ६. संथापकसदस्य ओम डेभलपमेण्ट बैंक लि.। |
| २ | सुभद्रादेवी घिमिरे | ४५ | नेपाली | थमाकोडाडा-८, कास्की | ५००० | प्रविणता प्रमाणपत्र तह | १.संस्थापक सेयर सदस्य यूनियन हाईड्रोपावर लिमिटेड । | |
| ३ | स्नेहलता मल्ल | ४३ | नेपाली | सितापाईला, बाफल-१३, काठमाडौं | ८,३३,९३८ | प्रविणता प्रमाणपत्र तह | १.सञ्चालक हाईड्रो ईन्भेस्टमेण्ट प्रा.लि. । | १.सञ्चालक हाई हिल अर्गानिक प्रा.लि. । २.सञ्चालक वृहस्पति हाउजिङप्रा. लि.। |
| ४ | भुपेन्द्र कुमार सिहं | ३९ | नेपाली | महेशपुर-७, झापा | ९००० | प्रविणता प्रमाणपत्र तह | १.संस्थापक सेयर सदस्य यूनियन हाईड्रोपावर लिमिटेड । | १.संचालक बुद्धकरण सन्स एण्ड टि कम्पनी प्रा.लि. |
| ५ | तिर्थराज हमाल | ५० | नेपाली | नेपालगंज-१, बाँक | २०२५० | प्रविणता प्रमाणपत्र तह | १.संस्थापक सेयर सदस्य यूनियन हाईड्रोपावर लिमिटेड । | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ६ | दिपकराज सिग्देल | ४० | नेपाली | लेखनाथ- ६, कास्की | २०२५० | स्नातक तह (बि.बि.ए), | १.संस्थापक सेयर सदस्य यूनियन हाईड्रोपावर लिमिटेड | १.प्रोप्राइटर, जनप्रिया ट्रेडिङ हाउस, पोखरा । २.जि.एम, पोखरा स्टिल उधोग । ३.प्रोमोटर सेयरहोल्डर विजनेश डेभलपमेण्ट बैंक लि. ४.संचालक, कास्की फाइनान्स लि. । |
| ७ | कृष्ण वहादुर बसेल | ५३ | नेपाली | पोखरा उपमहानगर पालिका-१२ | २०५०० | प्रविणता प्रमाणपत्र तह | १.संस्थापक सेयर सदस्य यूनियन हाईड्रोपावर लिमिटेड । | |
| ८ | किरण मल्ल | ५८ | नेपाली | सितापाईला, बाफल-१३, काठमाडा | १७,०९,५०४ | पोष्टग्रयजुएट , हाईड्रोपावर डेभलपमेण्ट कोर्ष । | १.संस्थापक अध्यक्ष, हाई हिमालय हाईड्रो कन्ट्रक्सन प्रा. लि. । २.पुर्व अध्यक्ष, नेपाल हाइड्रोपावर एसोसिएसन । ३.पुर्व जि.एम. बुटवल पावर कम्पनी लि. । ४.पुर्व कार्यकारी सदस्य, स्वतन्त्र उर्जा उत्पादन संघ । ५.संचालक, हाई हिल अर्गानिक फर्म प्रा.लि. | १.पुर्वकार्यकारी सदस्य,नेपाल टनेलिङ एसोसिएसन । २.पुर्व कार्यकारी काउन्सील सदस्य । ३. सदस्य, नेपाल इन्जिनियरिङ एसोसिएसन । |
| ९ | गणेश कार्की | ४९ | नेपाली | तेपगाछी -९, झापा | ८६,२५० | स्नातक, | १.कार्यकारी संचालक, क्वाइकड एलोनवार्ड हाईड्रो इक्विपमेन्ट कं. प्रा. लि. । २.पुर्व कार्यकारी सदस्य, नेपाल हाइड्रोपावर एसोसियसन । । | १.कार्यकारी अध्यक्ष, बि.जि. ग्रुप प्रा.लि.। ३.सदस्य, इनर्जी कमिटि, नेपाल चेम्बर अफ कमर्स । कार्यकारी सदस्य, स्वतन्त्र उर्जा उत्पादक संघ । |
| १० | वटु लामिछाने | ५२ | नेपाली | का.म.न.पा.-२ | ८६,२५० | स्नातक | १.कार्यकारी अध्यक्ष, क्वाइकेड एलोनवार्ड हाईड्रो इक्विपमेन्ट कं.प्रा. लि. । | १.संचालक, बिजि समूह प्रा.लि । |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ११ | सुकर्म इभेष्टमेन्ट प्रा. लि. | | नेपाली | | २००० | | बिभिन्न जलबिधुत आयोजनामा लगानी । | |
| | | | | **जम्मा** | **३८,३७,४५०** | | | |

**संचालकहरुको विवरण :**

| क्र.सं. | नाम | पद | उमेर | राष्ट्रियता | ठेगाना | शेयर स्वामित्व कित्ता | शैक्षिक योग्यता | अनुभव | समूह |
|---|---|---|---|---|---|---|---|---|---|
| १. | किरण मल्ल | कार्यकारी अध्यक्ष | ५८ | नेपाली | सितापाईला, बाफल-१३, काठमाडा | १७,०९,५० ४ | बि. ई. सिभिल,पोष्टर ग्रयजुएट, हाईड्रोपावर डेभलपमेण्ट कोर्ष । | १. डिपुटी म्यनेजिङ डाइरेक्टर, हिमाल हाइड्रो एण्ड जेनेरल कन्ट्रक्सन लि. । (ई.स. फेब्रवरी २००३ देखि जुलाई २००९ सम्म<br>२.संस्थापक अध्यक्ष, हाई हिमालय हाईड्रो कन्ट्रक्सन प्रा. लि. । (ई.स. डिसेम्बर २००९ देखि हाल सम्म ))<br>३.संचालक, हाई हिल अर्गानिक फर्म प्रा.लि. । (ई.सं.२०१५ अगस्ट देखि हाल सम्म )<br>४.अध्यक्ष, नेपाल हाइड्रोपावर एसोसियसन । (ई.स.जनवरी २०१२ देखि मार्च २०१४ सम्म)<br>५.जि.एम. बुटवल पावर कम्पनि लि. (ई.स. २००० देखि २००३ सम्म ।<br>६.कार्यकारी सदस्य, स्वतन्त्र उर्ज उत्पादन संघ । ( ई.स.२००१ देखि २०१३ सम्म )<br>७.कार्यकारी सदस्य, नेपाल टनेलिङ एसोसिएसन ।( ई.सं.२०१२ देखि २०१४ सम्म )<br>८.कार्यकारी काउन्सील सदस्य, नेपाल इन्जिनियरिङ एसोसियसन (ई.स.१९९९ देखि २००१ सम्म ) | क |
| २. | शालिकराम घिमिरे | संचालक | ४९ | नेपाली | कालिका-३, कास्की | १०,४४,५० ८ | प्रविणता प्रमाणपत्र तह अध्यान | १.प्रोप्राइटर, उज्जल गार्मेन्ट प्रा.लि.।<br>२.अध्यक्ष, ई.जि. क्यापिटल म्यानेजमेण्ट प्रा. लि. ।<br>३.पुर्व संचालक, मध्यमाञ्चल ग्रामिण विकास बैंक लि.।<br>४.पुर्व अध्यक्ष, अमर सिंह ईन्जिनियरिङ कलेज ।<br>५.संथापक सदस्य सिद्धार्थ बैंक लि.।<br>६. संथापकसदस्य ओम | क |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | डेभलपमेण्ट बैंक लि। | |
| ३. | श्री गणेश कार्की | संचालक | ४९ | नेपाली | तेपगाछी - ९, झापा | ८६,२५० | स्नातक, | १.कार्यकारी अध्यक्ष, बि.जि. ग्रुप प्रा.लि ।<br>२.कार्यकारी संचालक, क्वाइकङ एलोनवार्ड हाईड्रो इक्विपमेन्ट कं. प्रा. लि. ।<br>३.सदस्य, इनर्जी कमिटि, नेपाल चेम्बर अफ कमर्स । कार्यकारी सदस्य, स्वतन्त्र उर्जा उत्पादक संघ ।<br>४.पुर्व कार्यकारी सदस्य, नेपाल हाइड्रोपावर एसोसियसन । | क |
| ४. | श्री विष्णु प्रसाद पाण्डे<br>(प्रतिनिधि सुकर्म इभेष्टमेन्ट प्रा. लि.) | | ३८ | नेपाली | नुवाकोट मदानपुर ६ | २००० | | १.सञ्चालक,सुकर्म ईन्भेष्टमण्ट प्रा.लि. ।<br>२.रिसर्चर-हाईड्रो(जियोलोजि वाटर रिसोर्ससम्यनेजमेन्ट ईन्टरनेश्नल, वाटर म्यनेजमेन्ट ईन्सटियूट, नेपाल अफिस । | व्यवसायिक विशेषज्ञ |
| | | | | | | | | | |

**ख) संस्थापकहरु कुनै कम्पनी/संस्था भएमा त्यस्तो कम्पनी/संस्थाको नाम तथा ठेगाना सहितको संक्षिप्त विवरण र उक्त कम्पनी/संस्थाका संचालकहरुको नाम, ठेगाना(प्राकृतिक व्यक्ति नखुलेसम्म) :**

| सि.नं | संस्थाको नाम, ठेगाना | सञ्चालकहरुको नाम,ठेगाना | संक्षिप्त विवरण |
|---|---|---|---|
| १ | सुकर्म ईन्भेष्टमेन्ट प्रा.लि. | १. अपार न्यौपाने, काठमाण्डौ-३२,कोटेश्वर<br>२. मुना शर्मा, काठमाण्डौ, मण्डीखाटार<br>३. गोविन्द चालिसे, बालाजु, काठमाण्डौ । | बिभिन्न जलबिधुत आयोजनामा लगानि । |

**ग) संगठित संस्थाका संचालकहरु, अन्य कुनै संस्था, कोष संगठनसंग आवद्ध भए त्यस्तो संचालक र आवद्ध भएको संस्थाको नाम ठेगाना :**

| क्र.सं. | नाम | सम्वन्धित रहेको संस्था, फर्म र कम्पनीहरु |
|---|---|---|
| १. | श्री किरण मल्ल | हाई हिमालय हाईड्रो कन्ट्रक्सन प्रा. लि.,सानिगार्ड ईन्भेष्टमेण्ट प्रा.लि., हाई हिल अर्गानिक फर्म प्रा.लि.। |
| २ | श्री शालिकराम घिमिरे | उज्जल गार्मेन्ट प्रा.लि.,पोखरा फेशन ईन्डसट्रिज तथा पोखरा सप्लायर्स प्र. लि. , ई.जि. क्यापिटल म्यनेजमेण्ट प्रा. लि., |
| ३. | श्री गणेश कार्की | क्वाइकङएलोनवार्ड हाईड्रो इक्विपमेन्ट कं.प्रा. लि., न्यादी समूह प्रा.लि.,बिजि समूह प्रा.लि.,बैभव पावर नेपाल प्रा.लि.,ग्रिन लाइफ इनर्जी प्रा.लि., सिंगटी हाईड्रोपावर कम्पनी प्रा.लि । |
| ४. | श्री विष्णु प्रसाद पाण्डे | सेयर सदस्य सुकर्म ईन्भेष्टमण्ट प्रा. लि. ।<br>रिसर्चर- हाईड्रो(जियोलोजि) वाटर रिसोर्सस म्यनेजमेन्ट ईन्टरनेश्नल, वाटर म्यनेजमेन्ट ईन्सटियूट, नेपाल अफिस । |
| | | |

कम्पनीको संचालक त्यस्तै खालको अन्य कम्पनीको संचालक नभएको तथा कम्पनी ऐन २०६३ को दफा ८९ को उपदफा (१)(छ) को पालना गरिएको छ । संगठित संस्थाको संचालकहरु उस्तै प्रकृतिको अन्य संगठित संस्थामा आवद्ध रहेको देखिएको सन्दर्भमा “सूचीकृत सङ्गठित संस्थाहरुको संस्थागत सुशासन सम्बन्धी निर्देशिका, २०७४”मा सञ्चालकले उस्तै प्रकृतिको

उद्देश्य भएको सूचीकृत संस्थाको सञ्चालक ,तलवी पदाधिकारी, कार्यकारी प्रमुख वा कर्मचारी भई कार्य गर्नु हुदैन । तर नेपाल सरकारले मनोनयन वा नियुक्त गरेको संचालकको हकमा यो व्यवस्था लागू हुने छैन । कुनै संस्थाको सहायक कम्पनी भएमा त्यस्तो सहायक कम्पनीमा मुख्य संस्थाको प्रतिनिधिको रुपमा सञ्चालक नियुक्त गर्न सकिनेछ भन्ने व्यवस्था रहेको हुँदा सो व्यवस्था बमोजिम हुने गरी सञ्चालक समितिको गठन हुनु पर्ने साथै उक्त व्यवस्था पालना गरिएको छ ।

**घ) संस्थापक/संचालकको हक हस्तान्तरण बन्देज सम्बन्धी विवरण :**

अ) शेयर खरिद वा हस्तान्तरण गर्न वा धितोबन्धक राख्न सञ्चालक समितिको पूर्व स्वीकृति लिनुपर्नेछ । स्वीकृति बिना गरिएको शेयर खरिद वा हस्तान्तरण मान्य हुने छैन ।

आ) सर्वसाधारण शेयरधनी समूह बाहेक अन्य समूह(संस्थापक र अन्य समूह) ले लिएको शेयर संगठित संस्थाले सार्वजनिक निष्काशन गरेको शेयर बाँडफाँड भएको मितिले तीन बर्षको अवधि पूरा नभई बिक्री गर्न पाइने छैन।

**ख.संस्थापक/संचालक सँगको कारोबार :**

**क) संगठित संस्थाबाट कुनै संस्थापक/संचालकले प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा कुनै वस्तु वा सुविधा (आर्थिक वा गैरआर्थिक) प्राप्त गरेका वा प्राप्त गर्ने भएमा त्यस्तो वस्तु वा सुविधाको प्रकृति र मूल्य र त्यस्तो सुविधा दिए बापत संगठित संस्थाले कुनै सम्पत्ति, सेवा प्राप्त गरेको वा गर्ने भएमा तत्सम्बन्धी विवरण :** सो नभएको ।

**विवरण** : प्रचलित धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४ तथा प्रचलित शेयर बाँडफाँड सम्बन्धी व्यवस्था बमोजिम, सर्वसाधारणहरुको लागि शेयर बाँडफाँड गरे पश्चात् नेपाल स्टक एक्सचेञ्ज लिमिटेडमा प्रचलित सूचिकरण सम्बन्धी व्यवस्था अनुसार सूचिकरण गराई शेयर खरिद बिक्रीको व्यवस्था मिलाइनेछ ।

**च.प्रत्याभूति सम्बन्धी विवरण :**

**क) धितोपत्र प्रत्याभूति गर्ने संगठित संस्थाको नाम, ठेगाना र प्रत्याभूति गर्ने धितोपत्रको संख्या र रकम :**
यस विवरणपत्र मार्फत निष्काशन गर्न लागिएको धितोपत्र मध्ये १००% ले हुन आउने३६,६२,५५०कित्ता साधारण शेयरको लागि रु.३६,६२,५५,०००/–(अक्षरेपी छत्तीस करोड बासाठ्ठी लाख पचपन्न हजार रुपैंया मात्र) मध्ये २५,००,००० कित्ता लक्ष्मी क्यापिटल मार्केट लि.ले प्रत्याभूति गरेको र बाँकी ११,६२,५५० कित्ता प्रभु क्यापिटल लिमिटेड द्वारा प्रत्याभूति सेवा प्रदान गरिएको छ ।

**ख) धितोपत्र प्रत्याभूतिकर्तासँग गरिएको सम्फौताको मूख्य मूख्य बूँदाहरु :**

**लक्ष्मी क्यापिटल मार्केट लिमिटेडसँग भएको सम्फौताका बुँदाहरु**

१) प्रत्याभूतिकर्ताले २५,००,००० कित्ता शेयरहरुको लागि प्रत्याभूति सेवा प्रदान गरेको छ ।

२) प्रत्याभूतिकर्तालाई रु.१००/– अंकित दरको २५,००,००० कित्ता अर्थात् रकम रु.२५०,०००,०००/– बराबरको साधारण शेयरको प्रत्याभूति सेवा प्रदान गरे बापत कम्पनीले कुल प्रत्याभूत गरिएको रकमको १ प्रतिशतका दरले सेवा शुल्क प्रदान गर्नेछ ।

३) यदि शेयर पूर्ण वा आंशिक रुपमा बिक्री नभई द्वितिय पक्षले प्रत्याभूति गरेको रकम भुक्तानी गर्नु पर्ने अवस्थामा प्रथम पक्षले रकम माग गरेको बखत शेयर खरिद गरि भुक्तानी दिनु पर्नेछ ।

४) प्रथम पक्षको शेयर सर्वसाधारणमा बिक्री गर्दा सम्पूर्ण शेयरका लागि आवेदन प्राप्त भएमा प्रत्याभूतिकर्ताको दायित्व स्वतः पूरा हुनेछ ।

५) प्रत्याभूति गरेको शेयर बिक्री नभई ग्रहण गर्नु परेमा उक्त शेयरहरु ग्रहण गरेपछि सर्वसाधारण शेयरधनी सरह

प्रत्याभूतिकर्तालाई समेत साधारण शेयरधनी सरह शेयर प्रतिको हक अधिकार प्राप्त हुनेछ ।

६) कथंकदाचित कुनै एक पक्षले पुरा गर्नुपर्ने आर्थिक दायित्व पुरा नगरेमा अर्को पक्षले सो दायित्व पूरा गराउन प्रचलित ऐन नियम तथा मध्यस्थता ऐन २०५५ बमोजिम कारबाही गर्न सक्नेछ ।

**प्रभु क्यापिटल लिमिटेडसँग भएको सम्झौताका बुँदाहरु**

१) प्रत्याभूतिकर्ताले ११,६२,५५० कित्ता शेयरहरुको लागि प्रत्याभूति सेवा प्रदान गरेको छ ।

२) प्रत्याभूतिकर्तालाई रु.१००/– अंकित दरको ११,६२,५५० कित्ता अर्थात् रकम रु.११,६२,५५,०००/– बराबरको साधारण शेयरको प्रत्याभूति सेवा प्रदान गरे बापत कम्पनीले कुल प्रत्याभूत गरिएको रकमको १ प्रतिशतका दरले सेवा शुल्क प्रदान गर्नेछ ।

३) यदि शेयर पूर्ण वा आंशिक रुपमा बिक्री नभई द्वितिय पक्षले प्रत्याभूति गरेको रकम भुक्तानी गर्नु पर्ने अवस्थामा प्रथम पक्षले रकम माग गरेको बखत शेयर खरिद गरि भुक्तानी दिनु पर्नेछ ।

४) प्रथम पक्षको शेयर सर्वसाधारणमा बिक्री गर्दा सम्पूर्ण शेयरका लागि आवेदन प्राप्त भएमा प्रत्याभूतिकर्ताको दायित्व स्वत: पूरा हुनेछ ।

५) प्रत्याभूति गरेको शेयर बिक्री नभई ग्रहण गर्नु परेमा उक्त शेयरहरु ग्रहण गरेपछि सर्वसाधारण शेयरधनी सरह प्रत्याभूतिकर्तालाई समेत साधारण शेयरधनी सरह शेयर प्रतिको हक अधिकार प्राप्त हुनेछ ।

६) कथंकदाचित कुनै एक पक्षले पुरा गर्नुपर्ने आर्थिक दायित्व पुरा नगरेमा अर्को पक्षले सो दायित्व पूरा गराउन प्रचलित ऐन नियम तथा मध्यस्थता ऐन २०५५ बमोजिम कारबाही गर्न सक्नेछ ।

**छ. आवेदन दिंदा ध्यान दिनु पर्ने कुराहरु :**

**क) धितोपत्रवालाको अधिकार तथा प्रतिबन्धात्मक व्यवस्थाहरु जस्तै मताधिकार, लाभांश, हकप्रद शेयर, धितोपत्रवालाको अधिकारमा परिवर्तन गर्ने प्रकृया तथा धितोपत्रको खारेजी आदि सम्बन्धी विवरण :** यस विवरणपत्र अनुसार निष्काशन गरिने साधारण शेयरको बाँडफाँटमा परेका शेयरधनीहरुको अधिकार तथा प्रतिबन्धात्मक व्यबस्थाहरु जस्तै मताधिकार, लाभांश, हकप्रद शेयर, धितोपत्रवालाको अधिकारमा परिवर्तन गर्ने प्रकृया तथा धितोपत्रको खारेजी आदि सम्बन्धी व्यबस्थाहरु प्रचलित कानून बमोजिम हुनेछ ।

**ख) नियमावली, प्रबन्धपत्र प्राप्त गर्ने वा हेर्न सक्ने ठाउँ, भुक्तानी गर्ने तरिका, लिनुपर्ने न्यूनतम धितोपत्र संख्या र सो भन्दा माथि लिने भएमा कुन गुणाङ्कमा लिन सक्ने हो सो सम्बन्धी विवरण :**

१. यस कम्पनीको प्रबन्धपत्र तथा नियमावली कार्यालय समय भित्र कम्पनीको रजिष्टर्ड कार्यालय, ललितपुर ३, धोबिघाट, वा धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक लक्ष्मी क्यापिटल मार्केट लिमिटेड, का.म.न.पा. वडा नं-१०,नयाँ बानेश्वर, काठमाण्डौमा सम्पर्क राखि हेर्न वा प्राप्त गर्न सकिनेछ ।

२. यस विवरणपत्र मार्फत निष्काशन गरिने साधारण शेयर खरिदका लागि दरखास्त दिँदा दरखास्तवालाले दरखास्तसाथ आफुले खरिद गर्न चाहेको साधारण शेयर संख्याको प्रति साधारण शेयर रु.१००/–का दरले हुन आउने एकमुष्ट रकम यस निष्काशनको लागि तोकिएको संकलन केन्द्रहरुमा जम्मा गरी सो को सक्कल भौचर वा बैंक ड्राफ्ट संलग्न गरी दरखास्त दिनु पर्नेछ ।

३. यस विवरणपत्र मार्फत निष्काशन गरिने साधारण शेयरको लागि दरखास्त दिँदा दरखास्तवालाले कम्तीमा ५०(पचास) कित्ता साधारण शेयरको लागि दरखास्त दिनु पर्नेछ । यदि कुनै दरखास्तवालाले ५० कित्ता भन्दा बढी शेयरको लागि दरखास्त दिन चाहेमा १० अंकको गुणाङ्कमा अधिकतम ३५,००० (पैत्तीस हजार)कित्ता साधारण शेयर खरिद गर्नका लागि दरखास्त दिनु पर्नेछ ।

**ग) आवेदन दिंदा पालना गर्नुपर्ने शर्त बन्देजहरु जस्तै एक भन्दा बढी दरखास्त दिन नपाइने, लगानीकर्ताको पहिचानको लागि नागरिकता/जन्मदर्ताको प्रमाणित प्रमाणपत्रको प्रतिलिपि पेश गर्नुपर्ने वा धितोपत्र दलाल व्यवसायीले दिएको ग्राहकको परिचय नम्बर र सम्बन्धित व्यवसायीको नाम खुलाउनुपर्ने र बैंक खाता मार्फत कारोबार गरिनुपर्ने जस्ता पक्षहरु :**

१. कुनै पनि नेपाली नागरिकले स्वीकृत विवरणपत्र मार्फत जारी गरिने साधारण शेयरखरिद गर्नको लागि दरखास्त दिन चाहनेहरुले नेपाल धितोपत्र बोर्डबाट अनुमति लिई धितोपत्रको सार्वजनिक निष्काशनको केन्द्रिकृत विद्युतीय सेवा सम्बन्धी कार्य सञ्चालननिर्देशिका, २०७४ बमोजिम सार्वजनिक निष्काशनमा Centralized Application for ASBABased Issuance (CASBA)प्रणाली मार्फत आवेदन संकलन गर्न आवद्ध आस्वा सेवामा सहभागि बैंक तथा वित्तिय संस्था तथा तिनका शाखा कार्यालयबाट आवेदन दिन सक्नेछन् । यसरी आवेदन लिन सक्ने बैंक तथा वित्तिय संस्थाको विवरण सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडले आफ्नो वेव साइट www.cdscnp.comमा RegisteredBanks in C-ASBAअर्न्तगतउल्लेख गरेको छ।

क) आस्वा सेवामा सहभागि बैंक तथा वित्तिय संस्थाले C-ASBAअर्न्तगतलिने आवेदनको ढाँचा धितोपत्रको सार्वजनिक निष्कासनको केन्द्रिकृत विद्युतीय सेवा सम्बन्धी कार्य संचालन निर्देशिका, २०७४ को अनुसूची ५
बमोजिम हुनुपर्नेछ ।

२. दरखास्तवालाले शेयर खरिदका लागि दरखास्त दिंदा "धितोपत्र निष्कासन तथाबाँडफाँट निर्देशिका, २०७४" को दफा २४ मा उल्लेख भए बमोजिम देहायका विवरणहरु स्पष्ट रुपमा दरखास्त आवेदन दिनु पर्नेछ ।

क) आवेदन फाराममा आवेदकको नाम थर नेपाली/अंग्रेजीमा उल्लेख गरिनुपर्नेछ

ख) आवेदन दिंदा शेयर जारी गर्ने कम्पनीको नाम, आवेदन गरिएको संख्या, रकम स्पष्ट बुझिने गरी उल्लेख गर्नुपर्नेछ ।

ग) आफ्नो बैंक खाता र हितग्राही खाता नम्बर सहि /स्पष्ट रुपमा उल्लेख गर्नुपर्नेछ ।

घ) आवेदकले आफु स्वयंको हितग्राही खाता नम्बरउल्लेख गर्नुपर्नेछ ।

ङ) आवेदन गरेको निस्सा/प्रमाण, सम्बन्धीत संकलन केन्द्र (आस्वा सदस्य बैंक तथा वित्तीय संस्था) सँग अनिवार्य लिनुपर्ने छ ।

च) एक व्यक्तिले आफूले लिन चाहेको सम्पूर्ण शेयरको लागि एक वटा मात्र आवेदन गरेको हुनुपर्ने, यदि एकै व्यक्तिले एक भन्दा बढी आवेदन दिएको भेटिएमा निजले दिएको सबै आवेदनलाई रद्द गरिनेछ ।

छ) रु. १० लाखसम्म आवेदन दिने आवेदकले स्वेक्षिक रुपमा प्यान नं उल्लेख गर्नुपर्नेछ ।

ज) सम्पूर्ण दरखास्तवालाहरु (नाबालकहरु समेत) ले अनिवार्य रुपमा आफ्नो खाता रहेकोबैंक वा वित्तीय संस्थाको नाम, ठेगाना र खाता नं. समेत दरखास्त फाराममा खुलाउनु पर्नेछ । यसरी खुलाइएको बैंक तथा वित्तीय संस्था समाशोधन गृहको (क्लियरिङ्ग हाउस) सदस्य भएको हुनुपर्नेछ ।

ञ) रितपूर्वक प्राप्त नभएको दरखास्त फारमलाई शेयर बाँडफाँटमा समावेश गरिने छैन र सो को जिम्मेवार दरखास्तवाला स्वयं हुनेछ ।

ट) धितोपत्र खरिदको लागि दरखास्त दिंदाको अवस्थामा वा दरखास्त दिई सकेपछि खरिद गरेको धितोपत्र बापतको रकम भुक्तानी नहुँदै प्रचलित कानुन बमोजिम अधिकारप्राप्त अधिकारी वा निकायबाट लगानीकर्ताको खाता रोक्का राख्ने आदेश प्राप्त भएमा निष्काशन तथा विक्रि प्रबन्धकले त्यस्तो दरखास्त फारामलाई रद्द गरिने हुँदा सो कुराको जानकारी आवेदकले लिनहुन।

ठ) शेयर खरीदको लागि दरखास्त दिंदा कम्तिमा ५० कित्ता र बढीमा ३५,०००कित्ता शेयर खरिद गर्नेका लागि दरखास्त दिन सकिने छ । ५० कित्ता भन्दा बढि शेयरका लागि दरखास्त दिंदा १० अंकले भाग जाने संख्यामा दरखास्त दिनु पर्नेछ ।

## ११. सम्बन्धित पक्ष बीचको कारोबार सम्बन्धी विवरण :

**निष्काशनकर्ता संगठित संस्था र निम्न लिखित पक्ष बीच विगत २ बर्षको अवधिमा कुनै प्रकारको बस्तुगत कारोवार भएको वा कुनै कारोवार गर्न प्रस्ताव गरिएको भए कारोवारमा संलग्न व्यक्तिहरुको नाम, तिनीहरुको संगठित संस्था सँगको सम्बन्ध, कारोबारको प्रकृति र रकम :**

क) संगठित संस्थाको कार्यकारी अधिकृत वा संचालकको रुपमा रहेको व्यक्ति : कारोबार नभएको ।

ख) आधारभूत शेयरधनी : कारोबार नभएको ।

ग) खण्ड (क) र (ख) मा उल्लेखित कुनै व्यक्तिको एकाघर परिवार सदस्य : कारोबार नभएको ।

घ) संगठित संस्थाको कार्यकारी अधिकृत वा संचालक वा आधारभूत शेयरधनीले ३० प्रतिशत वा सो भन्दा बढी मताधिकार हुने गरी शेयर स्वामित्व ग्रहण गरेको कम्पनी वा संगठित संस्था : सो नभएको ।

ङ) संगठित संस्था वा त्यसको सहायक कम्पनीले हालको संचालक वा नीजको एकाघरको परिवारको सदस्यका लागि कुनै कारोवार वा सम्झौता गरेको छ भने सो वा विवरणपत्र प्रकाशन गर्नु भन्दा ३ बर्ष अगाडिको अवधिमा संस्थाको संचालक वा संचालकको एकाघर परिवारको सदस्यका लागि कुनै कारोवार वा सम्झौता गरेको भए सो कुरा : कुनै कारोवार वा सम्झौता गरेको छैन ।

च) कुनै संचालक वा संचालकको एकाघर परिवारको सदस्यलाई कुनै ऋण दिएको वा निजसँग लिएको भए उक्त ऋण सम्बन्धी विस्तृत विवरण जस्तै ऋण बापत लिएको रकम, ऋणको ब्याजदर, ऋण लिएको मिति, ऋण भुक्तानी अवधि आदि कुरा विवरणपत्रमा खुलाउनु पर्ने : ऋण कारोबार गरेको छैन ।

## १२. विदेशी लगानी र ब्यबस्थापन सम्बन्धी विवरण :

**विदेशी लगानी र ब्यबस्थापनमा संगठित संस्था संचालन हुने भए सो को विवरणका साथै सम्बन्धित सम्झौताको मुख्य तथा तात्विक बुँदाहरु :** कम्पनीमा विदेशी लगानी र विदेशी ब्यबस्थापनमा नरहेको ।

१३. **सूचीकृत संगठित संस्थाले सार्वजनिक निष्काशन गर्ने भएमा सो को विवरण :**

क) **संगठित संस्थाको विगत ३ आर्थिक बर्षको प्रत्येक त्रैमासिक अवधिको उच्चतम, न्यूनतम, अन्तिम बजार मूल्यका साथै कारोवार भएको शेयर संख्या:** निष्काशनकर्ता कम्पनी सूचीकृत संगठित संस्था नभएको ।

ख) **बोर्डमा विवरणपत्र दर्ताको लागि प्रस्तुत गर्नु भन्दा ६ महिना अगाडिको अवधिको मासिक रुपमा उच्च, न्यून र अन्तिम मूल्यका साथै प्रत्येक महिनामा कारोवार भएको कुल दिन र कुल कारोबार भएको धितोपत्र संख्या :** नभएको ।

१४. **पछिल्लो सार्वजनिक निष्काशनको अनुमान तथा उपलब्धी सम्बन्धी विवरण :**
**संगठित संस्थाले यस भन्दा अगाडी धितोपत्र निष्काशन गर्दा तयार गरेको विवरणपत्र वा अन्य विवरणहरुमा उल्लेखीत गरिएका लक्ष्य तथा कार्यक्रमहरु तथा खुद मुनाफा हासिल गर्न सके/नसकेको, नसकेको अवस्थामा लक्ष्य तथा कार्यक्रमका साथै विवरणपत्र वा अन्य विवरणहरुमा प्रक्षेपित खुद मुनाफा भन्दा बीस प्रतिशत वा सो भन्दा बढीले न्यून हुन गएको भए यसरी फरक पर्नाको कारण :**

**वासलात**

| विवरण | प्रक्षेपित (रु.हजारमा) | | | वास्तविक(लेखापरिक्षण भएको) | |
|---|---|---|---|---|---|
| | आ.ब.०७४/०७५ | आ.ब.०७५/०७६ | आ.ब.०७६/०७७ | आ.ब.०७४/०७५ | फरक प्रतिशत |
| **सम्पत्ति** | | | | | |
| स्थीर सम्पत्ति | ७,४१,८१७ | ७,१६,६८२ | ६,९१,६९६ | ७७९५१४ | ४.८४% |
| लगानी | | | | | |
| **जम्मा स्थीर सम्पत्ति** | ७,४१,८१७ | ७,१६,६८२ | ६,९१,६९६ | ७७९५१४ | ४.८४% |
| चालु सम्पत्ति | | | | | |
| नगदतथा बैंक मौज्दात | ९४३ | १,७४,२६४ | १,९२,२२४ | ३०२७८ | ९६.८९% |
| पेश्की, धरौटी तथाप्राप्तहुनबाँकी | २,२२३० | ६,६६९ | २,००१ | २२००० | -१.०५% |
| निर्माणाधिन परियोजना | | | | १५२९३ | १००% |
| विविधआसामी | ६,६३७ | १५,४२८ | १५,८८४ | १०१६५ | ३४.७१% |
| जम्माचालु सम्पत्ति | **२९,८१०** | **१,९६,३६१** | **२,१०,१०८** | **७७७३६** | **६१%** |
| जम्माचालु दायित्व | २९,०९९ | १४,५५० | ७,२७५ | १५२४०७ | ८०.९१% |
| खुदचालु सम्पती | **७११** | **१,८१,८११** | **२,०२,८३४** | **(७४६७१)** | **-१००.९५%** |
| जम्मा सम्पत्ति | **७,४२,५२८** | **८,९८,४९४** | **८,९४,५२९** | **७०४८४३** | **-५.३५%** |
| पूँजीतथादायित्व | | | | | |
| पूँजी | | | | | |
| शेयर पूँजी | ३,८३७,४५ | ७,५०,००० | ७,५०,००० | ३८३७४५ | ०% |
| थपतथाजगेडा | (५४,१३३) | (३७,६२२) | १०,०१३ | (७७४२२) | ३०.०८ |
| जम्मा | **३,२९,६१२** | **७,१२,३७८** | **७,६०,०१३** | **३०६३२३** | **-७.६%** |
| दिर्घकालिन ऋण | ४,१२,९१६ | १,८६,११६ | १,३४,५१६ | ३९८५२१ | -३.६१% |
| सुरक्षितआवधिककर्जा | | | | | |
| जम्मा दिर्घकालिन ऋण | **४,१२,९१६** | **१,८६,११६** | **१,३४,५१६** | **३९८५२१** | -३.६१% |
| चालु दायित्वतथाव्यवस्था | | | | | |
| छोटो अवधि सापटि | - | - | - | | |
| व्यवसायिकतथाअन्यदायित्व | - | - | - | | |
| अग्रिम करकट्टि दायित्व | - | - | - | | |
| जम्माचालु दायित्वतथाव्यवस्था | - | | | | |
| **जम्मापूँजीतथादायित्व** | **७,४२,५२८** | **८,९८,४९४** | **८,९४,५२९** | **७०४८४४** | **-५.०८%** |

### नाफानोक्सान हिसाब

| विवरण | प्रक्षेपित (रु.हजारमा) | | | वास्तविक(लेखापरिक्षण भएको) | |
|---|---|---|---|---|---|
| | आ.ब.०७४/०७५ | आ.ब.०७५/०७६ | आ.ब.०७६/०७७ | आ.ब.०७४/०७५ | फरक प्रतिशत |
| बिद्युतबिक्रीआम्दानी | ३९,८२३ | ९२,५६५ | ९५,३०४ | २८१२७ | -४१.५८% |
| जोडः अन्यआम्दानी | १०६ | ३३ | ९५८५ | ९४ | -१२.७७% |
| जम्माआम्दानी: | **३९,९२९** | **९२,५९८** | **१,०४,८८९** | **२८२२१** | **-४१.४९** |
| न्यून: | | | | | |
| रोयल्टी खर्च | १,०९६ | २,१५१ | २,२०६ | ८४४ | -२९.८६ |
| परियोजनाखर्च | | | | | |
| न्यून: | | | | | |
| सचांलनखर्चहरु | ६,०८१ | ६,३७८ | ६,६९७ | २६८३८ | ७७.३४% |
| प्रशासनिकखर्च | | | | | |
| नेपालबिद्युतप्राधिकरण शुल्क | - | - | - | | |
| सचांलननाफा | | | | | |
| न्यून: | | | | | |
| गैर सचांलनखर्चहरु | | | | | |
| आर्थिक खर्च | | | | | |
| ह्रास खर्च | २५,३२३ | २५,१३५ | २४,९८७ | १४३१४ | -७६.९१ |
| ब्याजखर्च | २१,२९३ | ४०,७७२ | १८,५९९ | २८८६२ | २६.२२% |
| कूलखर्च | **५३,७९४** | **७४,४३७** | **५२,४८९** | **७०८५८** | **२४.०८%** |
| कर र बोनस अघिको नाफा/(नोक्सानी) | **(१३,८६५)** | **१८,१६२** | **५२,३९९** | (४२६३७) | **६७.४८%** |
| न्यून: | | | | | |
| कर्मचारी बोनसको व्यवस्था | - | १,६५१ | ४,७६४ | | ०% |
| कर अघिको नाफा/(नोक्सानी) | | | | | |
| चालु आयकर | - | - | - | | |
| डेफर्ड आयकर | - | - | - | | |
| **खुदनाफा / (नोक्सानी)** | (१३,८६५) | **१६,५११** | ४७,६३६ | (४२६३७) | **६७.४८%** |

- संस्थाले आ.ब. २०७४/७५ को वित्तिय प्रक्षेपण गर्दा २०७४ माघ १ गते देखि बिधुत उत्पादन गर्ने गरि प्रक्षेपण गरेको तर बिधुत उत्पादन २०७४ माघ १५ गते देखि शुरु भएकोले बिधुत उत्पादन तोकिएको समय भन्दा ढिला भएकाले फरक पर्न गएको ।
- बिधुत खरिद विक्री सम्झौता अनुसार कम्पनिलाई जम्मा ५ वटा मुल्य बृद्धि पाउनेछ भनिएकोमा यसलाई आधार मानि प्रक्षेपण गरिएकोमा हाल आएर बिधुत उत्पादन हुने मिति सम्म कम्पनिले जम्मा २ वटा मात्रै मुल्य बृद्धि पाएको हुँदा फरक पर्न गएको ।
- संस्थाले आ.ब.२०७४/७५ को वित्तिय प्रक्षेपण गर्दा सञ्चालन खर्च निर्माणधिन रहेको र सोही अनुसार प्रक्षेपण गरिएकोमा गत २०७४ माघ १५ देखि बिधुत उत्पादन शुरु भएकोले सञ्चालन खर्च माइ फरक पर्न गएको । साथै संचालन खर्चको शीर्षकमा ने.वि.प्र.लाई तिरेको Short Supply of Energy penalty & Late COD penalty समेतलाई गणना गरिएकोले फरक पर्न गएको ।
- प्रक्षेपण गर्दा बैंकको ब्याज दर कम थियो तर वास्तविकमा बैंकको ब्याज दर बढी हुन गएकोले फरक पर्न गएको ।
- ह्रास खर्चमा प्रक्षेपण गर्दा खर्चलाई चालु खर्चमा समावेश गरिएको तर वास्तविकमा यसलाई स्थीर सम्पत्तिमा समावेश गरिएकोले फरक पर्न गएको ।
- रोयल्टी खर्च आम्दानीसँग सिधा भर पर्ने हुँदा आम्दानीमा आएको फरकले गर्दा फरक पर्न गएको ।

**१५. परामर्शदाता/ बिशेषज्ञ सम्बन्धी विवरण:**

**क) लेखापरिक्षक, प्रमुख बैंक, निष्काशन कार्यसँग संलग्न बैंक, प्रक्षेपित वित्तीय विवरण ठीक छ भनी प्रमाणित गर्ने विज्ञ आदिको नाम तथा ठेगाना :**

अ) आ.व.२०७४/७५ मा यस कम्पनीको लेखापरिक्षकमा चार्टर्ड एकाउन्टेण्ट संस्थाआर.के.एस. एण्डएशोशियट्का चार्टड एकाण्टेण्ट श्री राजेश कुमार साहकाठमाण्डौ रहेको छ ।

आ) यस निष्काशनको लागि प्रमुख बैंकको ब्यबस्था गरिएको छैन ।

इ) यस निष्काशनको लागि देहायका बैंकलाई निष्काशन बैंक **(Banker to the Issue)**को रुपमा नियुक्त गरिएको छ ।

| सि.नं. | निष्काशन बैंकको नाम, ठेगाना |
|---|---|
| १ | लक्ष्मी बैंक लिमिटेड, हात्तिसार, काठमाण्डौ । |

साथै आवश्यकता अनुसार निष्कासन वन्द भएको मितिले ३ दिन भित्र वोर्डलाई जानकारी दिई अन्य बाणिज्य बैंकहरुलाई समेत यस शेयर निष्काशनको लागि निष्काशन बैंकको रुपमा नियुक्त गर्न सकिनेछ ।

ई) यस विवरणपत्रमा उल्लेखित वित्तीय विवरण तथा प्रक्षेपणको अनुमान तथा आधारहरु हालको जलविद्युत बजारको स्थिति, निष्काशनकर्ता कम्पनीको हालको दक्षता र निष्काशनकर्ता कम्पनीले प्राप्त गरेको हालसम्मको कार्य प्रगतिको आधारमा पुनरावलोकन गरी विवरण ठीक छ भनी आर.के..एस.एण्ड एशोशियट्का चार्टड एकाण्टेण्ट श्री राजेश कुमार शाह वाट प्रमाणित भएको छ।कम्पनीको वित्तीय विवरण प्रक्षेपण विगत बर्षको कारोवारको आधारमा निष्काशक कम्पनीले तयार गरेको हो ।

शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु व्यवसायिक संस्था– लक्ष्मी क्यापिटल मार्केट लिमिटेड, का.म.न.पा. वडा नं-१०,नयाँ बानेश्वर, काठमाण्डौले तयार गरेका हुन् ।

यस शेयर निष्काशनका लागि निष्काशन तथा बिकी प्रबन्धकमा लक्ष्मी क्यापिटल मार्केट लिमिटेड, का.म.न.पा. वडा नं-१०,नयाँ बानेश्वर, काठमाण्डौलाई नियुक्त गरिएको छ ।

**ख) माथि खण्ड (क) मा उल्लेखित संस्था वा व्यक्तिसँग भएको सहमतिका मुख्य मुख्य बुँदा तथा शर्तहरुः**

सम्झौतामा भएका मुख्य मुख्य बुँदाहरु निम्न रहेका छन् ।

**१) लेखापरिक्षक**

लेखापरिक्षकलाई लेखापरिक्षण वापत रुवापत रु. ८०,०००/- शुल्क शुल्क बुझाइने छ अन्य कुनै शर्तहरु नरहेको ।

**२) निष्काशन बैंक**

यस निष्काशनको लागि धितोपत्र खरिद(सार्वजनिक निष्काशन) सम्बन्धी निर्देशिका, २०७३ पूर्ण रुपमा लागु भईसकेको सन्दर्भमा निष्काशन बैंकको व्यवस्था लागु नहुने ।

**३) वित्तीय प्रक्षेपणको विवरण तयार पार्ने विज्ञ**

वित्तीय प्रक्षेपण तयार गरिदिने विशेषज्ञलाई सेवा शुल्क वापत रु. २५,०००/-बुझाइने छ ।

**१६. परियोजना सम्पन्न गर्नको लागि सार्वजनिक निष्कासन बाहेक अन्य वित्तीय श्रोतहरु प्रयोग गरिएको छ/छैन, तत्सम्बन्धी विवरण :**

| क्र.सं. | बैंक | स्विकृत कर्जा रकम | उपभोग गरेको कर्जा रकम | कर्जाको भुक्तानी अवधि | कर्जाको भुक्तानीको तरिका | ब्याजदर | बाँकी कर्जा रकम | हाल सम्म भुक्तानी गरेको कर्जा रकम |
|---|---|---|---|---|---|---|---|---|
| १. | सानिमा बैंक लिमिटेड | २२,१८,४४,००० /– | २२,१३,५१,८३२/– | १० वर्ष | त्रैमासिक | १२.५५% | २१,९२,७४,७२२/– | २०,७७,११०/– |
| २. | सनराइज बैंक लिमिटेड | १८,४३,९२,०००/– | १८,३४,०५,४१६/– | १० वर्ष | त्रैमासिक | १२.५५% | १८,१५,४२,३६६/– | १८,६३,०५० /– |
| ३. | सानिमा बैंक लिमिटेड | ४,००,००,०००/– | ४,००,००,०००/– | ६ महिना | एकमुष्ट | १४ % | ३,३१,६२,१३३.३३ /– | ६८,३७,८६६.६७/– |
| ४ | सनराइज बैंक लिमिटेड | ३,५०,००,०००/– | ३,५०,००,०००/– | ६ महिना | एकमुष्ट | १४ % | २९०१६८६६.६७/– | ५९,८३,१३३.३३/– |

**नोट : किस्ता रकम सम्बन्धी विवरण दफा १० ख क मा प्रस्तुत गरिएको छ ।**

**१७. मुद्दा तथा विवाद सम्बन्धी विवरण :** सो नभएको

क) संगठित संस्थाको तरलता, मौज्दात, कार्य संचालनमा तात्विक असर पर्ने खालको कुनै मुद्दामामिला वा विवाद भए सो सम्बन्धी विवरण तथा उपरोक्त मुद्दा वा विवादको कारणबाट पर्न सक्ने प्रभाव सम्बन्धमा व्यवस्थापनको धारणा :सो नभएको ।

ख) संगठित संस्थालाई असर पर्ने गरी संस्थाको संस्थापक/संचालकले वा लाई दायर गरिएको मुद्दा सम्बन्धी विवरण :सो नभएको ।

ग) विगत पाँच वर्षमा संगठित संस्थाको कुनै संस्थापक/सञ्चालक कालो सूचीमा परेको वा कुनै नैतिक वा आर्थिक कारणबाट कुनै नियमन निकाय वा अदालतले सजाय गराएको भए, त्यस्तो संस्थापक/संचालकको नाम र सजाय गर्ने नियमन निकाय वा अदालतको नाम उल्लेख गर्नुपर्ने : सो नभएको ।

घ) संगठित संस्था बैंक वा वित्तीय संस्थामा ऋण नतिरी डिफल्ट भएको, नियम अनुसारको शुल्क नतिरेको, धितोपत्रवालाहरुको कुनै रकम भुक्तानी नगरिएको भए तत्सम्बन्धी विवरणहरु : सो नभएको ।

**१८. गुनासो सुन्ने र समाधान गर्ने प्रकृया :**

निष्काशित धितोपत्र सम्बन्धि लगानीकर्ताहरुको गुनासो तथा सुझाव सुन्न तथा सो को समाधानका लागि धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकको कार्यालयमा एक विशेष कक्षको व्यवस्था गरिएको छ । लगानीकर्ताहरुले देहाएको माध्यम मार्फत आफ्नो गुनासो तथा सुझावहरु समाधानको लागि धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकको कार्यालयमा विजय महतोलाई फोननं:०१–४७८०२२२, मा सम्पर्क गर्न सकिनेछ ।
Email:info@laxmicapital.com.np,unionhppl@gmail.com

**१९. नगद नलिई कसैलाई धितोपत्र निष्कासन गरिएको छ भने त्यस्तो व्यक्ति वा समूहको नाम, खरीद गरिएको सम्पत्ति वा सेवा सम्बन्धी विवरण, निष्कासन गरिएको धितोपत्रको संख्या र दर सम्बन्धी विवरण :** सो नभएको ।

**२०. ऋणपत्र निष्कासन सम्बन्धी विवरण :** हालसम्म कम्पनीले ऋणपत्र जारी गरिएको छैन ।

**२१. अग्राधिकार शेयर निष्कासन सम्बन्धी विवरण :** सो नभएको ।

**२२. अन्य सामान्य जानकारी :**

**क) विशेषज्ञको कुनै राय भएमा, सो को विवरण** :प्रक्षेपित वित्तीय विवरण ठिक छ भनि आर.के.एस.एण्ड एशोशिएट्सका चार्टड एकाउन्टेन्ट श्री राजेश कुमार साहले प्रमाणित गर्नु भएको हो । वास्तविक वित्तीय विवरणका आधारमा संगठित संस्थाले तयार गरेको प्रक्षेपित वित्तीय विवरण यथार्थपरक रहेको व्यहोरा प्रमाणित गरी आफ्नो राय व्यक्त गर्नुभएको छ ।

**ख) गत तीन आर्थिक वर्ष भित्रमा कुनै संचालक, लेखापरीक्षक परिवर्तन भएको भए, सो को कारण :**

गत तीन वर्षमा कम्पनीको सञ्चालकको परिवर्तन विवरण ।

| सि.नं. | नाम | नियुक्ति मिति | वहाल रहेको अन्तिम मिति | परिवर्तनको कारण |
|---|---|---|---|---|
| १ | श्री दिल्ली प्रसाद दाहाल | २०७०/०७/ ०६ | २०७१/०५/२७ | एक कार्यकाल |
| २ | श्री दिल्ली प्रसाद दाहाल | २०७१/०५/२८ | २०७२/०२/०४ | स्वेच्छिक अवकाश |
| ३ | श्री राजेश कुमार शाह | २०७२/०२/०५ | हाल सम्म वहाल | |

**ग) कम्पनी सचिवको नाम, ठेगाना र योग्यता :**

पाल्पा जिल्ला, रामपुरन.पा. वडा नं.६, निवासी व्यवस्थापनमा स्नातक शैक्षिक योग्यता हासिल गर्नु भएका श्री हरि वंश भण्डारी यस कम्पनीको कम्पनी सचिवको रुपमा कार्यरत हुनुहुन्छ ।

**घ) सार्वजनिक निष्कासन गर्नका लागि संचालक समितिबाट भएको निर्णय सम्बन्धी विवरण :**

कम्पनीको मिति २०७३/०३/०७ बसेको संचालक समितिको बैठकबाट सर्वसाधारणको लागि छुट्टाइएको रु.१००/–अंकित दरको ३६,६२,५५० कित्ता शेयर निष्काशन गर्न निर्णय गरिएको छ ।

**ङ) संगठित संस्था वा यसका शेयरधनीलाई कुनै विशेष कर सुविधा दिइएको भए, सो सम्बन्धी विवरण** :सो नभएको ।

**च) संगठित संस्थाको पछिल्लो आर्थिक वर्षको लेखापरीक्षण भएको वासलात, नाफा नोक्सान हिसाव र नगद प्रवाह विवरण प्राप्त गर्न वा हेर्न सक्ने ठाउँ र समय :**

कार्यालय समयभित्र निम्नलिखित स्थानहरुमा कम्पनीको पछिल्लो आर्थिक वर्षको लेखापरीक्षण भएको वासलात, नाफा-नोक्सान हिसाव तथा नगद प्रवाहको विवरण प्राप्त गर्न वा निरीक्षण गर्न सकिनेछ ।

१. कम्पनीको रजिष्टर्ड (केन्द्रीय) कार्यालय, ललितपुर वडा नं.३, धोबिघाट ।
२. धितोपत्र निष्कासन तथा बिक्री प्रवन्धक श्री लक्ष्मी क्यापिटल मार्केट लिमिटेड, नयाँ बानेश्वर, काठमाण्डौं ।

**छ) बोनस शेयर सम्बन्धी व्यवस्था :**

हालसम्म बोनस शेयर जारी गरिएको छैन । भविष्यमा प्रचलित ऐन र नेपाल धितोपत्र बोर्डको प्रचलित बोनस शेयर निष्काशन सम्बन्धी व्यवस्था अनुसार बोनस शेयर जारी गर्न सक्नेछ ।

**ज) शेयरवाला, कर्मचारी वा अरु कसैको लागि शेयर सुरक्षित गर्ने व्यवस्था गरिएको भएमा सो कुरा :**

यस विवरणपत्रअनुसार निष्कासन गरिएको प्रति साधारण शेयर रु.१००/- अकिंत दरका३५,३४,३४० कत्ता साधारण शेयरको ७०,६८६ कित्ता (२ प्रतिशत) साधारण शेयरहरु यसकम्पनीको सेवामा रहेका कर्मचारीहरुको लागि तथा १,७६,७१७ कित्ता (५ प्रतिशत)साधारण शेयरहरु सामूहिक लगानी कोषहरुको लागि र बाँकी शेयर सर्वसाधारणमा निष्कासन गर्ने गरी छुट्टाइएको छ । कर्मचारीको लागि छुट्टाइएको शेयर मध्ये कर्मचारीबाट बढी माग भै आएको हकमा सञ्चालक समितिले औचित्यपूर्ण तवरबाट बाँडफाँट गर्नेछ । कर्मचारीको लागि छुट्टाइएको शेयरका लागि माग भई नआएको अवस्थामा बाँकि शेयरहरु सर्वसाधारणमा बाँडफाँट गरिनेछ ।

**झ) कम्पनीले कम्पनी ऐनले गरेको व्यवस्थाहरु, आफ्नो कारोबारसँग सम्बन्धित ऐन, नियम तथा नियमन व्यवस्था पूर्ण पालना गरेको सम्बन्धमा गरेको उद्घोषण :**

कम्पनीले कम्पनी ऐन, २०६३ ले गरेको व्यवस्थाहरु, आफूले गर्ने व्यवसायसँग सम्बन्धित ऐन, नियम तथा नियमन व्यवस्था तथा नियमन निकायहरुले दिएको निर्देशनहरुको पूर्ण रुपमा पालना गरेको छ र सोही निर्देशनहरुको दायरा भित्र रही कार्य गरिरहेको र यस विवरणपत्रमा उल्लेख गरिएको विवरणहरु समेत सोही अनुरुप तयार गरिएको हो भन्ने कम्पनीको उद्घोषण रहेकोछ ।

**ञ) धितोपत्र बिक्री वितरण सम्बन्धी व्यवस्था :**

यस विवरणपत्र मार्फत निष्काशित साधारण शेयर बिक्री वितरणका लागि आयोजना अति प्रभावित तथा प्रभावित क्षेत्र (उद्योग प्रभावित क्षेत्र) लम्जुङ्ग जिल्लामा कम्तिमा तिन संकलन केन्द्रको व्यबस्था गरी आवदेन फारम तथा विवरणपत्र वितरण र आवेदन फारम सहित दरखास्त रकम बुझिलिने व्यबस्था गरिनेछ ।

**ट) क्रेडिट रेटिङ्ग सम्बन्धी ब्यबस्था :**

यस विवरणपत्र अनुसार स्थानियलाई निष्काशन गरिने शेयरको लागि क्रेडिट रेटिङ्ग संस्था ईक्रा नेपाल लिमिटेडबाट क्रेडिट रेटिङ्ग गराई कमजोर आधार जनाउने ग्रेड ५ प्राप्त गरेको छ । ईक्रा नेपालले १ देखि ५ प्वाइन्ट ग्रेडिङ्गप्रदान गर्दछ । जसमा ग्रेड १ ले बलियो आधार जनाउँछ भने ग्रेड ५ ले कमजोर आधारहरु जनाउँछ । ग्रेड २, ३ र ४ माप्रयोग गरिने + (Plus)चिन्हले यस समूहका तुलानात्मक सकारात्मक स्थितिलाई जनाउँछ । क्रेडिट रेटिङ्ग सम्बन्धि विवरणयस विवरणपत्रको अनुसूचिमा संलग्न गरिएको छ ।इक्रा नेपालले यो रेटिङ्ग मिति २०७६/०३/३० गते प्रदान गरेको छ ।

**ठ) विवरणपत्र तयार गर्ने व्यक्तिको नाम, थर, शैक्षिक योग्यता र अनुभवको विवरण :** यस विवरणपत्र तयार पार्ने व्यवसायिक संस्थामा बिक्री प्रबन्धक लक्ष्मी क्यापिटल मार्केट लिमिटेड, नयाँबानेश्वर, काठमाण्डौं रहेको छ ।

**ड) सकारात्मक पक्षहरु :**

१. आयोजनाबाट प्राप्त हुने आयमा ७ वर्ष (२०७७ सालसम्म) आयकर छुट तथा सो पश्चात् ३ वर्षको लागि ५० प्रतिशत आयकर छुट प्राप्त भएको हुँदा लाभांशको दर बढी रहेको ।
२. मिदिम(करापु)खोला जलविद्युत आयोजनाको सम्पूर्ण संरचना, मेसिन, औजार तथा उपकरणहरुको जोखिमलाई न्यूनीकरण गर्न बिमा गरिएको ।
३. कम्पनीसँग दक्ष युवा जनशक्ति रहेकोले यो कम्पनी नेपालमा जलविद्युत आयोजनाको विकास र निर्माणको काममा सफल रहेको ।
४. जलविद्युतको क्षेत्रमा अध्ययन अनुसन्धान तथा विकास कार्यमा योजनाबद्ध ढंगले समर्पित भएर काम गरिरहेको यस कम्पनीको भविष्य उज्ज्वल रहेको ।

**ढ) शेयर रजिष्ट्रार सम्बन्धी व्यवस्था :** नेपाल स्टक एक्सचेञ्ज लिमिटेड तथा सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडमा सूचिकरण गरे पश्चात् शेयरको दाखिल खारेज, दस्तखत रुजु आदि सम्बन्धी कार्य यस कम्पनीको कार्यालयबाट वा कम्पनीको संचालक समितिले तोके बमोजिम शेयर रजिष्ट्रारको कार्यालयबाट हुने गरी व्यवस्था गरिनेछ ।

**ण) धितोपत्र बिक्री खुल्ला अवधि :**

यस विवरणपत्र मार्फत सार्वजनिक निष्काशन गरिने धितोपत्रको दरखास्त खुला रहने अवधि कम्तीमा चार कार्य र सो अवधीभित्र निष्काशन गरिएको सबै धितोपत्र बिक्री नभएमा दरखास्त खुल्ला भएको मितिले बढीमा ३० दिनका लागि धितोपत्र दरखास्त खुल्ला रहनेछ ।

**त)** धितोपत्र निष्काशनको क्रममा बोर्डबाट स्वीकृत भएको विवरणपत्र लगानीकर्ताले सहज रुपमा हेर्न सक्नेछन् र लगानीकर्ताहरुलाई सुचित निर्णय (Informed Decision)मा पुग्न सहज गर्ने उद्देश्यले त्यस्ता विवरणहरु सम्बन्धित निष्काशन तथा बिक्री प्रबन्धक तथा निष्काशनकर्ता कम्पनी प्रत्येकको आफ्नो वेभसाइटमा धितोपत्र बिक्री बन्द नभएसम्म राखिनेछ ।

**थ)** बोर्डबाट स्वीकृत भएको विवरणपत्र सार्वजनिक निष्काशनको लागि प्रकाशन गर्नु २ दिन अगाडि सो को एक प्रति (Soft Copy) बोर्डको वेभसाइटमा राख्ने प्रयोजनको लागि उपलब्ध गराउने छौं ।

**द) धितोपत्र दर्ता तथा निष्काशन नियमावलि, २०७३ को दफा ९ को उपदफा ३ बमोजिम शर्तहरु पालना सम्वन्धी विवरण ।**

**क) आफ्नो उदेश्य अनुसार कारोवार सन्चालन गर्नको लागी आवाश्यक कार्यहरु अगाडी बढाई एक बर्षको अवधि पुरा गरेको :**

युनियन हाईड्रोपावर लिमिटेडले प्रचलित कानून बमोजिम २०६३ साल भाद्र १४ गते कम्पनी रजिष्ट्रारको कार्यालयमा प्रा.लि.कम्पनीको रुपमा दर्ता भै मिति २०७२ फाल्गुन ३० गतेदेखि पब्लीक कम्पनीमा परिणत भै कम्पनी ऐन २०६३ र विद्युत ऐन २०४९ अन्तर्गत काम/कारोबार गर्दै आईरहेको छ ।लम्जुङ जिल्ला मध्यनेपाल न.पा.वडा नं. ८, मा रहेको ३ मे.वा. क्षमताको मिदिम खोला (करापु) जलविधुत आयोजनाको निर्माण कार्य सम्पन्न भैसकेको छ ।

**ख) प्रचलित कानुन वमोजिम लेखापरिक्षण तथा साधारणसभा सम्पन्न भएको :**

आ.व. २०७३/७४ को लेखा परिक्षण तथा साधरण सभा मिति २०७४/०९/२६ मासम्पन्नभएको ।

**ग) आफ्नो उदेश्य अनुसार कारोवार संचालन गर्नको लागी प्रचलित कानुन वमोजिम कुनै निकायबाट इजातजत अनुमति वा स्वीकृति लिनुपर्ने भएमा यस्तो इजाजत, अनुमति पत्र वा स्वीकृती लिईसकेको:**

३ मेगावाट क्षमताको मिदिम खोला (करापु) जलविधुत आयोजनापरियोजना संचालनको लागि नेपाल सरकार, विधुत विकास विभाग बाट मिति २०६९/५/६मा इजाजत प्राप्त गरेको ।

**घ) संगठित सस्थाको लागि आवाश्यक पर्ने जग्गा खरिद वा अन्य प्रकारको ब्यवसाय गरी कारखाना भवन, कार्उलय भवन, गोदामघर तथा अन्य आवाश्यक सुविधाहरुको निमार्ण कार्य सुरु गरीसकेको:**

यस परियोजनाको लागि आवाश्यक पर्ने जग्गा खरिद गरी कार्यलय भवन तगायत परियोजनाको निमार्ण कार्य सम्पन्न भएको ।यस आयोजनाको लागि कुल २६,७३२.६९ व.मी (५२ रोपनी ६ आना) जग्गा खरिद गरिएको छ ।

**ङ) उत्पादनको प्रवृति छनोट गरी उधोगको लागि आवाश्यक पर्ने यात्रिक उपकरण तथा त्यसका पाटपूर्जा आदि खरिद गर्नुपर्ने भएमा टेण्डर आदि खरिद प्रकृया अगाडि बढाईसकेको:**

यस परियोजना इपिसि मोडोलमा सिभिल, हाइड्रो मेकानिकल तथा इलोक्ट्रोमेकानिकल वक्सहरु जस्तै सिभिल- हाई हिमालय हाइड्रो कन्सट्रक्सन् प्रा.ली, हाइड्रो मेकानिकल- क्रिम हाईडल प्रा.ली, र इलोक्ट्रोमेकानिकल- कुईन्डक्याङ एलन्वार्ड हाइड्रो ईक्युपमेन्ट को. प्रा. लि. मार्फत सम्पन्न भएको र परियोजनाको लागि आवाश्यक पर्ने यात्रिक उपकरण खरिद गरी जडान समेत भैसकेको ।

**च) धितोपत्रको सार्वजानिक निश्काशन सम्वन्धमा निश्काशन तथा विकी प्रवन्धक संग सझौता भइसकेको:**

युनियन हाइड्रोपावर कम्पनी लि.वाट प्रवर्धित यस परियोजनामा लगानि गर्न युनियन हाइड्रोपावर कम्पनी लि.ले धितोपत्रको सार्वजानिक निश्काशन सम्वन्धमा लक्ष्मी क्यापिटल एण्ड मार्केट लिमिटेडलाई निष्काशन तथा विकी प्रवर्न्धको रुपमा नियुक्ति गरी मिति २०७३/०३ १३ पहिलो संशोधन २०७४/०४/२६ र दोस्रो संशोधित २०७५/०३/११ मा प्रत्याभुति सम्बन्धि सम्झौता भैसकेको ।

**छ) आयोजनाको निमार्ण अवधिभर कम्पनीको ऋण र पुँजीको अनुपात निर्देशिकामा तोकिएको अनुपातमा राख्न सहमत भएको:**

युनियन हाइड्रोपावर कम्पनी लि.बाट प्रर्वर्धित यस मिदिम खोला (करापु)जलविधुत आयोजना परियोजनामा लगानि गर्न कम्पनीको ऋण र पुंजी ७०:३० को अनुपातमा राख्न सहमतभएको ।

**ज) संस्थापकले लिन कबुल गरेको धितोपत्र रकम शत प्रतिशत चुक्ता भइसकेको:**
संस्थापकले लिन कबुल गरेको युनियन हाइड्रोपावर कम्पनी लि.ले माग गरेको धितोपत्र रकम चुक्ता भइसकेको।

**झ) परियोजना निमार्णको लागि फाइनाइसियल क्लोजर भैसकेको:**
मिदिम खोला (करापु)जलविधुत आयोजना संचालनको लागि मिति २०७१/५/५ मा सानिमा बैंक लि. र सनराइज बैंक लि. संग फाइनाइसियल क्लोजर भएर **ऋण**समेत सम्पुर्ण लिईसकेको ।

**ञ) जलविधुत उत्पादन सस्था भएमा विधुत खरिद विकी संझौता गरिसकेको:**
मिति२०६९/१०/२८ मा नेपाल विधुत प्रधिकरणसंग विधुत खरिद विकी संझौत (पि.पि.ए.)मा हस्तक्षर भएको ।

**ट) सर्वसाधरणको लागि निश्काशन गर्न लागेको शेयरहरु निर्देशिकामा तोकिएको बमोजिम प्रत्याभुति गराएको:**
युनियन हाइड्रोपावर लीमिटेड वाट प्रर्वधित यस परियोजनामा लगानि गर्न युनियन हाइड्रोपावर लीमिटेडधितोपत्रको थप सार्वजानिक निश्काशन गर्न लागेका शेयरहरु निर्देशिकामा तोकिए बमाजिम लक्ष्मी क्यापिटल एण्ड मार्केट लिमिटेड बाट मिति २०७३/०३/१३ र संशोधित २०७४/०४/२६ मा प्रत्याभुति सम्बन्धि सम्झौता भएको ।

**२३. यस विवरणपत्रमा प्रकाशित तथ्य तथा विवरणहरु ठीक दुरुस्त छन, सो मा कुनै फरक परेमा हामी संचालकहरु पूर्ण रुपमा जिम्मेवार हुनेछौं भनी सही छाप गर्ने संचालक तथा विज्ञहरुको नाम तथा दस्तखत ।**

| सि.नं. | संचालकहरुको नाम | पद | दस्तखत |
|---|---|---|---|
| १. | किरण मल्ल | कार्यकारी अध्यक्ष | |
| २. | शलिकराम घिमिरे | संचालक | |
| ३. | गणेश कार्की | संचालक | |
| ४. | विष्णु प्रसाद पाण्डे | संचालक | |

## २४. निष्काशन तथा बिक्री प्रबन्धकको प्रस्तुत गरेको प्रतिबद्धता पत्र(ड्यु डेलिजेन्स् सर्टिफिकेट)को प्रति

लक्ष्मी क्यापिटल मार्केट लिमिटेड
Laxmi Capital Market Limited
(100 % Subsidiary of Laxmi Bank Limited)
Reg. No: 1140/065/066

New Baneshwor, Kathmandu, Nepal
PO Box 8449
T 977-1-4780222, 977-1-4781582
F 977-1-4780583
E info@laxmicapital.com.np
W www.laxmicapital.com.np

Reference No : 215A
2075/076
मिति : २०७५/०६/१९

श्री नेपाल धितोपत्र बोर्ड,
जावलाखेल, ललितपुर ।

विषय : ड्यु डेलिजेन्स् सर्टिफिकेट बारे ।

महोदय,

बागमती अञ्चल, ललितपुर जिल्ला, ललितपुर महानगरपालिका, वडा नं. ३ मा रजिष्टर्ड कार्यालय रहेको युनियन हाईड्रोपावर कम्पनी लिमिटेडले अंकित मूल्य १००/– सर्वसाधारण शेयर ३५,३४,३४० कित्ता सार्वजनिक निष्काशन शेयरहरु जारी गर्न निष्काशन तथा बिक्री प्रबन्धकको रुपमा सेवा दिन हामी मन्जुर गर्दछौं । सार्वजनिक निष्काशन शेयर निष्काशन गर्ने क्रममा धितोपत्र सम्बन्धी ऐन, २०६३ मा भएको व्यवस्था अनुसार प्राथमिक सार्वजनिक निष्काशन शेयर बिक्री वितरण गर्ने व्यवस्था मिलाईएको छ । यस निष्काशन सम्बन्धमा देहायका कुराहरु जानकारी गराउदछौं ।

१. कम्पनीको प्राथमिक शेयर निष्काशन सम्बन्धि व्यवस्था तथा विवरणहरुमा उल्लेख गरिएका विवरण तथा जानकारीहरु हामीलाई उक्त कम्पनीबाट प्राप्त जानकारी अनुरुप तथ्यगत, पूर्ण र सही भएको र यसबाट लगानीकर्ताहरुलाई लगानी सम्बन्धमा सही निर्णय लिन मद्दत हुने देखिन्छ । साथै कम्पनीको व्यवस्थापकीय, प्राविधिक र आर्थिक पक्षको विश्लेषणात्मक अध्ययन गर्दा कम्पनीले गरेको वा गर्न लागेको व्यवसाय सम्बन्धमा हाम्रो सकारात्मक धारणा रहेको छ ।
२. प्रचलित धितोपत्र कारोबार सम्बन्धी कानून अनुसार पेश गर्नुपर्ने सम्पूर्ण कागजात र विवरणहरु प्रमाणित गरी त्यहा पेश गरिएको र प्रत्येकको एक एक प्रति सार्वजनिक जानकारीको लागि यस कार्यालयमा राखिएको छ ।
३. हाम्रो विचारमा कम्पनीद्वारा निष्काशित धितोपत्र धितोपत्र सम्बन्धी ऐन, २०६३ तथा नेपाल स्टक एक्सचेन्ज लिमिटेडको प्रचलित धितोपत्र सूचीकरण सम्बन्धी व्यवस्था बमोजिम सूचीकरण हुन योग्य छन् ।
४. कम्पनीको निष्काशन गर्न लागेको प्राथमिक शेयरका लागि आवेदन दिने आवेदकहरुलाई प्राथमिक शेयर निष्काशन सम्बन्धि व्यवस्था तथा विवरणहरु तथा दरखास्त फारम सरल तरिकाबाट वितरण गर्ने तथा अन्य जानकारी उपलब्ध गराउने सम्बन्धमा निष्काशन कम्पनीसंग समन्वय गरी आवश्यक व्यवस्था मिलाउने छौं ।
५. हामीले त्यस बोर्डबाट जारी गरिएको धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ मा उल्लेख सबै कुराहरुको अध्ययन गरेका छौं । उक्त व्यवस्थाहरुसंग अनुरुप हुने गरी कम्पनीले भरेको विवरण र दिएको जानकारी सन्तोषजनक पाएका छौं ।

**धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक :**

लक्ष्मी क्यापिटल मार्केट लिमिटेडको तर्फबाट
नाम : राजिव सापकोटा
पद : प्रमुख कार्यकारी अधिकृत

सही :

कार्यालयको छाप : Laxmi Capital Market Ltd. लक्ष्मी क्यापिटल मार्केट लि.

२५. विवरण, वित्तीय विवरण तथा कुनै कुरामा विज्ञले राय दिएको भए सो सम्बन्धी पत्र :

# RKS & Associates

*Chartered Accountants*

**TO WHOM IT MAY CONCERN**

We hereby certify that the annexed of projected Financial Statements of M/s Union Hydropower Limited comprising of Balance Sheet, Income Statement, Cash Flow Statement and Schedules for five years from 2075-76 to FY 2079-80 as prepared by the company and certified by us is in all material respects, in accordance with the assumptions and parameters are showing true and correct view.

Regards,

For RKS & Associates
Chartered Accountants

CA. Rajesh Kumar Sah, FCA
Proprietor
Date: Poush 20, 2075
Place: Kathmandu

RKS & Associates Chartered Accountants Kathmandu Nepal